पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ अङ्क : ३१ २०७० फागुन १६ गते शुक्रबार (Feb. 28, 2014) मूल्य रू. १०/-

## बन्दूक बोक्ने थापाको चेतावनी



काठमाडौं । नेकपा-माओवादीका महासचिव रामबहादुर थापाले षड्यन्त्र गरी बनेको वर्तमान संविधानसभा विघटन नगरे बन्दूक बोक्ने चेतावनी दिएका छन् । मोरङको लक्ष्मीमार्गमा पत्रकारहरूसँग कुरा गर्दै उनले भने अग्रगामी संविधान बन्न नदिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिहरूले षड्यन्त्र गरेर जबर्जस्ती रूपमा संविधानसभाको निर्वाचन गराइएको हो ।

महासचिव थापाका अनुसार वर्तमान संविधानसभाबाट जनताको संविधान बन्न नसक्ने भन्दै यो संविधानसभा विघटन नगरे जनताले (बाँकी अन्तिम पेजमा)

# वामदेवका कारण एमाओवादी भड्कियो

काठमाडौँ । एमालेले कांग्रेसलाई बाध्य पारेर गृहमन्त्री फुत्काएको र गृहमन्त्रीमा वामदेव गौतमलाई नै चयन गरेपछि एमाओवादी भड्किएको छ । एमाओवादीको भित्री वैठक बसेको छ र वामदेवको नेतृत्वमा सरकारमा सहभागी भएको एमालेप्रति एमाओवादी विशेष सतर्क भएको छ । एमाओवादीको निष्कर्ष छ- स्थानीय निर्वाचन कब्जा गर्ने रणनीति अनुसार नै एमालेले गृह मन्त्रालय लिन काँग्रेससँग लडाई गरेको हो ।





एमाओवादीको वैठकले एमाले-काँग्रेसले छिटो गर्न चाहेको स्थानीय निकायको निर्वाचनलाई कुनै पनि हालतमा रोक्ने निर्णय गरेको छ । वर्षमान पुनले त पत्रकारलाई एमालेले जेठमा स्थानीय निर्वाचन गरेर कब्जा गर्ने रणनीति कुनै पनि हालतमा पूरा हुन नदिने बताएका छन् ।

विश्वस्त स्रोतका अनुसार एमाओवादीले स्थानीय चुनावभन्दा महत्वपूर्ण संविधान हो, पहिले संविधान घोषणा गरौं, त्यसपछि मात्र स्थानीय चुनावमा जानुपर्छ भन्ने विषयमा सरकारको नेतृत्व लिएको काँग्रेससँग छलफल सुरु गरिसकेको छ ।

स्थानीय चुनाव अथवा सत्ताको भागवण्डमा अलमलिन हुन्न, सत्तासीन ठूला दलहरूको सम्पूर्ण ध्यान संविधान निर्माणमा लाग्नुपर्छ । यसो भन्दै एमाओवादी प्रधानमन्त्री सुशील कोइरालाले भनेझैँ एकै वर्षमा संविधान

(बाँकी अन्तिम पेजमा)

## वामदेव एमालेको कामदेव



काठमाडौँ । कांग्रेस-एमालेबीचको ७ बुँदे सहमति अनुसार नै एमाले वामदेव गौतमको नेतृत्वमा सरकारमा गएको छ । एमालेले यही मौकामा पार्टी महाधिवेशन र स्थानीय चुनाव गराउने तयारी सुरू गसिसकेको छ । एमालेको रणनीति जसरी पनि स्थानीय चुनाव कब्जा गरेर एमालेलाई मजवुत पार्टीको स्वरूप दिने र संसदीय दलका नेता केपी ओलीलाई एकवर्षपछि प्रधानमन्त्री बनाउने । केपी-वामदेवको यही नीति एमाले कमजोर झलनाथ-माधवको नीति बनेको छ । (बाँकी अन्तिम पेजमा)

# एमालेभित्र माधव नेपाल आउट

अभियान संवाददाता

काठमाडौँ । गत माघ २६ गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारले १७ दिन पछि पूर्णता पाए पनि सत्ताधारी दलहरूभित्र तिब्र विवाद र असन्तोष जन्मिएको छ । संविधानसभाको दोस्रो निर्वाचनमा प्रत्यक्षतर्फ ९१ सिट जितेर दोस्रो ठूलो पार्टी भएको एमालेले ६ जना गैर सभासद् मन्त्री भएपछि असन्तोष जन्मिएको हो । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल पक्षधरका एकजनालाई पनि मन्त्री बनाइएको छैन । नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल संसदीय दलका नेता केपी ओली र उपाध्यक्ष वामदेव गौतमले आ-आफ्ना निकट तीन तीन जनालाई मन्त्री बनाएका छन् ।



एमालेले मन्त्री बनाएकाहरूमा महेन्द्र पाण्डे परराष्ट्र मन्त्री, ऊर्जामा राधा ज्ञावाली, भूमिसुधारमा दलबहादुर राना, स्वास्थयमा खगराज अधिकारी, कृषिमा हरिप्रसाद पराजुली र सामान्य प्रशासनमा लालबाबु पण्डित सांसद् होइनन् । नेकपा एमालेका एक नेताका अनुसार उनीहरू सांसद नै नभए पनि पार्टीलाई जिताउन उनीहरूले विशेष योगदान पुऱ्याएका हुनाले उनीहरूलाई मन्त्री बनाइएको हो । चुनाव जितेका चार जनामा उपप्रधान तथा गृहमन्त्री वामदेव गौतम, पर्यटनमा भीम आचार्य, युवा खेलकुदमा पुरूषोत्तम पौडेल र उद्योगमा कर्णबहादुर थापा रहेका छन् । ज्ञवाली र पण्डित यसअघि सभासद् रहेका थिए भने पराजुली अखिल नेपाल किसान संघका सचिव हुन् । उक्त संघको अध्यक्ष भने वामदेव गौतम रहेका छन् ।

मन्त्री छनौटमा तीन शीर्ष नेताहरूको

(बाँकी अन्तिम पेजमा)

## संवैधानिक निकायमा नियुक्ति बारे संसद नै अन्योलमा

अभियान संवाददाता

काठमाडौं । अन्तरिम संविधानको धारा १५८ अनुसार बाधा अड्काउ फुकाउ आदेश अनुसार संवैधानिक निकायमा भएका नियुक्तिलाई संसदमा सुनुवाई गर्ने कि नगर्ने भन्ने विषयमा अन्योल बढेको छ । त्यस्ता नियुक्तिको विवरण सरकारले संसदमा पेश गरेको भएपनि नयाँ ससंद गठन भएको हुनाले त्यस्ता विषयलाई संसदको प्रक्रियामा लैजाने कि नलैजाने भन्ने विषयमा अन्योल सिर्जना भएको हो ।

संसद नभएको अवस्थामा बाधा अड्काउ फुकाउ आदेश अनुसार विभिन्न मितिमा निर्वाचन आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा



परीक्षक, लोकसेवा आयोगका पदाधिकारीहरू नियुक्त भएका थिए । नेपालको अन्तरिम संविधान अनुसार संवैधानिक आयोगमा नियुक्ती गर्दा

(बाँकी अन्तिम पेजमा)

## भोज खुवाएर मलामीको निम्तो

काठमाडौं । आफैंले आफ्नो मृत्यु हुनुभन्दा अगाडि आफ्नो काजक्रिय गरेर हिन्दू धर्म अनुसारको निभाएको त नेपाली समाजले पहिला नै थाहापाएकै हुनुपर्छ । तर आफ्नो मृत्यु हुने दिन तोकेर आफन्त र साथीहरूसँगै रमाएर आफ्नो मलामी भइदिन सबैलाई गुहार गरेको आजसम्म कसैलाई थाहा नभएपनि हालै झापाको गरामनीका विधान मगरले त्यसै गरेका छन् ।

गत विहिबार मगरले दिनभरी साथीभाइ र आफन्तलाई भोज खुवाएर दिनभरी रमाइलो गरे, भोज थियो आफ्नै मृत्युको । उनले शुक्रबार आफु मर्ने उद्घोष गर्दै सबैलाई मलामी भइदिन आग्रह गरेका थिए, तर साथीभाइले मागरले गरेको आग्रहलाई ठट्टाको रूपमा लिएर हँसिमजाकमा मात्र उडाए, गम्भीर रूपमा लिएनन् । शुक्रबार करिब ४ बजेतिर मगरको परिवारले आश्रय लिइरहेको गरामनी १ का जयप्रसाद चुडालको घरपछाडिको भोगटेको रूखमा उनी झुण्डिएको अवस्थामा भेटिए । कसैले भोली म आत्महत्या गर्दैछु, आज अन्तिम भोज गरौं भनेर साथीभाइ र आफन्तलाई भोज खुवाएको (बाँकी अन्तिम पेजमा)

## एमाओवादीले मर्स्याङ्दी रोक्यो

काठमाडौं । चीनको सिनो हाइड्रोले निर्माण गरिरहेको माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजनालाई एमाओवादीले मजदुर उचालेर रोकेको छ । यो जलविद्युत आयोजनामा भारतको नजर परेको थियो, तर चीनले हात पाऱ्यो । यही रिसले पटक-पटक भारतीय पक्षले एमाओवादी हतियार प्रयोग गरेर यो आयोजनाको निर्माणमा बाधा हाल्ने गरेको छ ।

अहिले जोखिम भत्ता, महिनाको २५ दिन कार्य दिन, २० लाखको बीमा, ८ घण्टाको ६ सय ज्यालालगायतका माग राखेर मजदुर भड्काइएको छ, जसको दबाब खेप्न नसकेर सिनो हाइड्रोले निर्माण रोकिदिएको छ । एकातिर देशमा लोडसेडिङ बढ्दै छ, अर्कोतरि निर्माणधिन आयोजना यसरी ठप्प पारिँदैछ । यी सब भारतीय ब्याट्री, इनभर्टर, सोलार बोच्ने र नेपालीलाई लुट्ने साजिस नभए के हो ? (बाँकी अन्तिम पेजमा)

## सायद सुशीलको सफलता यति नै होला !



● शाश्वत शर्मा खतिवडा

बल्लतल्ल आफ्नो नेतृत्वको मन्त्रिमण्डललाई पूर्णता दिन सकेका प्रधानमन्त्री सुशील कोइरालालाई आफूले दिएको बाचा (एक वर्षमा नयाँ संविधान दिइ सक्ने)लाई पुरा गराउन सक्लान वा नसक्लान ? त्यो अनुमान मात्रै गर्न सकिन्छ । तर एउटा कुरा चाहिँ के मान्नु पर्छ भने कि, लामो समयदेखि कुनै पनि भारतीय प्रधानमन्त्रीलाई नेपाल भ्रमणमा ल्याउन नसकिरहेका वेला सुशील कोइरालाले भारतको केन्द्रिय सत्ताबाट बाहिरिन लागिरहेको कांग्रेस (आई) र उक्त पार्टीका तर्फबाट करिब १५ वर्षदेखि भारतको प्रधानमन्त्री पदमा आसिन डा.मनमोहन सिंहलाई 'अन्तिम घडी'मा भएपनि नेपालमा भित्राउन सफल हुने भएका छन् ।

समाचार अनुसार डा.मनमोहन सिंहले आफ्नो 'अन्तिम विदेश भ्रमण'का रूपमा नेपाललाई छानेका छन् । भारतको लोकसभाको चुनाव सम्पन्न भए लगत्तै व्यक्तिगत रूपमै पनि प्रधानमन्त्रीबाट च्यूत हुन लागेका सिंहले गर्ने नेपाल भ्रमणलाई लिएर नेपालस्थित कुट्नीतिका जानकारहरूले एकदमै 'हल्का' रूपमा लिएको पाइएको छ । होला, यो भ्रमणबाट भारतका प्रधानमन्त्रीले नेपालको भ्रमण गरे भन्ने होला । तर यो त्यति उपलब्धीमूलक वा कुनै दीर्घकालिन असर पुऱ्याउने खालको हुने छैन । आफैं 'कामचलाउ' भएको अवस्थामा डा.सिंहले गर्ने भनिएको यो भ्रमण सिर्फ 'सद्भावना'को भ्रमण मात्र हुनेछ ।

नेपाललाई सधैं आफ्नो महत्वपूर्ण छिमेकी बताइरहेता पनि भारतका प्रधानमन्त्रीहरू कसैले पनि लामो समयदेखि नेपालको भ्रमण गर्न आवश्यक ठानेनन् । अन्तिम पटक अटलबिहारी बाजपेयीले सार्क सम्मेलनको निहुँमा नेपालको भ्रमण गरेका थिए, तर त्यो द्विपक्षीय भ्रमण थिएन । तीन तीन पटक प्रधानमन्त्रीको कार्यकालमा आसिन भएका डा.मनमोहन सिंहले पनि आफ्नो महत्वपूर्ण समयमा नेपाल भ्रमण गर्न आवश्यक ठानेनन् र नेपालको परराष्ट्र मन्त्रालय र प्रधानमन्त्रीको कार्यालय पनि भारतका प्रधानमन्त्रीलाई नेपालको भ्रमण गराउन सफल भएनन् ।

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# आफ्नो प्रतिबद्धता समयमै पुरा गर

*संविधानसभाको दोस्रो निर्वाचनमा प्रायः सबै दलले एक वर्षभित्रमा संविधान निर्माण गर्ने प्रतिबद्धता जनतासामु जनाएका छन् । पछिल्लो समयलाई हेर्दा दलहरुले जनता सामु जनाएका प्रतिबद्धताहरु पुरा हुन सक्ने अवस्था नदेखिए पनि दलहरुले आपसी अरोप प्रत्यारोप छोडी संविधान निर्माणको कार्यलाई तिब्रताका साथ अघि बढाएको खण्डमा संविधान निर्माण हुन सक्छ । संविधानसभाको दोस्रो निर्वाचन भएको झण्डै साढे दुई तीन महिनाभित्रमा सरकार निर्माण हुनु र संविधानसभाले नेतृत्व पाउनु शुभ संकेत होइन । पहिलो संविधानसभाले पनि दलहरुकै अकर्मण्यता र असफलताका कारण संविधान निर्माण गर्न सकेन । पहिलो संविधानसभाको निर्वाचनमा जनताले आ–आफ्ना प्रतिनिधिहरुलाई दुई वर्षको म्याण्डेट दिएर संविधान निर्माण गर्न पठाएका थिए । तर दलहरुले जनताले दिएको म्याण्डेटलाई उल्लंघन गर्दै सतप्रतिशत समय थपेर चार वर्षसम्म पुऱ्याए पनि उनीहरुले संविधान निर्माण गर्न सकेनन् ।*

*पहिलो संविधानसभामा सबैभन्दा ठूलो दल रहेको एमाओवादीले त्यसबेला चाहेको भए संविधान निर्माण हुन सक्ने अवस्था थियो । कांग्रेस, एमालेले चाहेको भएपनि त्यसबेला संविधान निर्माण हुन सक्ने अवस्था नै थिएन । संविधानसभामा रहेका सभासदहरुको आकार हेर्दा संविधान निर्माणलाई एमाओवादीले नै अवरोध पुऱ्याएको थियो । त्यसबेला एमाओवादीको संविधानसभामा दुई सय ३७ सभासद रहेको र अन्य सबै दलको सभासद जोड्दा पनि दुई तिहाई मत पुग्न सक्ने अवस्था नभएकाले संविधान निर्माणमा एमाओवादीले नै चाहनु पर्ने थियो । तर त्यसो हुन सकेन । पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेपछि आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराईले संविधानसभा नै विघटन गरिदिए । तत्कालिन अवस्थामा संविधानसभाका सभाध्यक्ष तथा हालका सभाध्यक्ष सुवास नेम्वाङले संविधानसभा विघटन हुनबाट जोगाउन सक्ने अवस्था रहेपनि उनले समेत दलगत स्वार्थका लागि त्यस्तो कुनै कदम नउठाएका हुनाले पहिलो संविधानसभा विघटन हुनुमा सभाध्यक्ष नेम्वाङ पनि दोषी रहेका छन् ।*

*दोस्रो संविधानसभाको चुनावमा पहिलो संविधानसभामा रहेका दलहरुको हैसियत फेरिएको छ । पहिलो संविधानसभामा सबैभन्दा ठूलो दल भएको एमाओवादी अहिले तेस्रो दलमा खुम्चिएको छ भने पहिलो संविधानसभामा दोस्रो ठूलो दल भएको नेपाली कांग्रेस पहिलो दल भएको र त्यसबेला तेस्रो दल भएको नेकपा एमाले अहिले दोस्रो ठूलो दल भएको हुनाले अब यी दुवै दलले चाहेको खण्डमा सजिलै संविधान निर्माण हुन सक्ने अवस्था देखिएको छ । अब कांग्रेस, एमालेले अन्य दलहरुलाई देखाएर संविधान निर्माणको कार्यलाई रोक्न सक्ने अवस्था छैन । कांग्रेस, एमालेसहितका सत्ताधारी दलहरुको सभासद संख्या हेर्दा दुई तिहाईभन्दा बढी मत पुग्ने भएको हुनाले अब संविधान निर्माण गर्ने प्रमुख दायित्व र जिम्मेवारी पनि कांग्रेस एमालेकै हो । अब यी दुई ठूला दलहरुले हिजोको जस्तो गरी अन्य दलले गर्दा संविधान निर्माण हुन सकेन भनेर अरुलाई दोष लगाउने ठाउँ नभएको हुनाले यी दलले आफ्नो जिम्मेवारी र दायित्व बोध गर्नै पर्छ ।*

*सरकार निर्माणमा भएको ढिलाईले गर्दा संविधान निर्माणमा समेत असर परेको संसदमा देख्न सकिन्छ । संविधानसभा/व्यवस्थापिका संसद कामबिहीन भएको छ । सरकारले फटाफट संविधान निर्माणका लागि अवाश्यक पर्न विलहरु संसदमा पेश गरी पारित गराउन अब ढिलो गर्नु हुन्न । संविधासभामा सभाध्यक्ष नेम्वाङले संविधानसभाको कार्याकालको गणना माघ ८ गते देखिनै सुरु हुने र एक वर्षभित्रमा संविधान निर्माण गर्ने दलहरुको प्रतिबद्धता पनि आउँदो २०७१ साल माघ ८ गतेसम्म मात्र रहने भन्ने सार्वजनिक अभिब्यक्ति दिइसकेको अवस्थामा अब दलहरु आन्तरिक विवादमा रुमलिएर बस्नु भनेको आफ्नै प्रतिबद्धता विरुद्ध उभिनु हो । दलहरुले जसरी भएपनि एक वर्षभित्रमा संविधान निर्माण गरी मुलुकलाई अहिलेको संक्रमणकालिन अवस्थाबाट बाहिर निकल्नै पर्छ ।*

*सुशील कोइराला प्रधानमन्त्री नियुक्त भएकै दिन उनले प्रधानमन्त्रीको हैसियतामा आफूले एक वर्षभित्रमा संविधान निर्माण गरिसक्ने प्रतिबद्धता जनाएका छन् । प्रधानमन्त्री जस्तो गरिमामय पदमा बसेका ब्यक्तिले जनाएको प्रतिबद्धता पुरा नभएको खण्डमा जनतामा नैराश्यता बढ्ने भएको हुनाले प्रधानमन्त्री कोइरालाले आफ्नो प्रतिबद्धता पुरा गर्न जस्तो सुकै ठोस कदम उठाउन पनि पछिपर्नु हुँदैन । भरिसक्य सहमतीय आधारमा संविधान निर्माण गर्ने, सहमति नभएको खण्डमा सहमतिका लागि भन्दै समय गुजार्नुको बदला बहुमतिय पद्दति दुई तिहाई मतको आधारमा गएरै भएपनि संविधान निर्माण गर्ने कार्यलाई संविधानसभा र सरकारले पुरा गर्ने छ भन्ने हामीले विश्वास लिएका छौं ।*

# संविधान निर्माण भए मात्र कोइरालाको सफलता

**देवेन्द्र चुडाल**

संविधानसभाको दोस्रो निर्वाचन भएको झन्डै साढे तीन महिनापछि प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारले पूर्णता पाएको छ । संविधानसभामा पहिलो ठूलो दल र दोस्रो ठूलो दल मिलेर सरकार निर्माण गर्ने प्रयास संविधानसभाको चुनाव सम्पन्न भएको मितिदेखि नै गर्ने गरिए पनि विभिन्न खालका बाधा अड्चनहरूले अवरूद्ध भएको प्रक्रियाले फागुन १४ मा मात्र पूर्णता पाएको छ । संविधानसभामा सबैभन्दा ठूलो दल भएको नेपाली काँग्रेसले अब संविधान निर्माणलाई पहिलो प्राथमिकतामा राख्न सकेको खण्डमा संविधान निर्माण हुन सक्ने सम्भावना बढेर गएको छ । पहिलो संविधानसभाको चुनावमा समेत यिनै अहिलेका प्रमुख दलहरू एमाओवादी, नेपाली काँग्रेस र नेकपा एमाले नै ठूला दल भए पनि त्यसबेला काँग्रेस र एमालेको संख्या जोड्दा पनि एमाओवादीको सभासद् संख्या बराबर हुन सक्ने अवस्था थिएन । अहिले समय र परिस्थिति बदलिएको छ । पहिलो संविधानसभामा सबैभन्दा ठूलो दल भएको एमाओवादी दोस्रो संविधानसभाको चुनावको परिणामपछि तेस्रो ठूलो दलमा खुम्चिन पुगेको छ भने पहिलो संविधानसभामा दोस्रो र तेस्रो ठूलो दल भएका नेपाली काँग्रेस र नेकपा एमाले पहिलो र दोस्रो ठूला दल बन्न सफल भएका छन् । पहिलो संविधानसभाले संविधान निर्माण गर्न नसकेको अनुभव अहिलेका सत्ताधारी दल र प्रमुख विपक्षी दलमा भएको हुनाले अब यी दलहरूले पहिलाको जस्तो गल्ती गर्दैनन् भन्ने विश्वास जनतामा भए पनि त्यसलाई पत्याइहाल्नु वा विश्वास गरिहाल्नु हतारै हुन सक्छ ।

नेपाली जनताले समयमै अर्थात् यिनै दलहरूले चुनावका बेला दलहरूले एकवर्षभित्रभमा संविधान बनाइसक्ने प्रतिवद्धता जनतासामु गरेका हुनाले जनता अहिले दलहरूले आ–आफ्ना प्रतिवद्धता पूरा गरेको हेर्न चाहिरहेका छन् । अब बन्ने संविधान सम्पूर्ण नेपाली जनताले स्वीकार गर्न सक्ने बनाएको खण्डमा मात्र त्यो संविधानले सबै समस्याको समाधान गर्न सक्छ । त्यसैले समयमै लोकतान्त्रिक संविधान निर्माण हुनु आजको आवश्यकता हो । हिजोको संविधानसभाबाट पनि जनताले यही चाहेका थिए तर हिजोको संविधानसभाले जनताले दिएको दुई वर्षे म्याण्डेटलाई उल्लंघन गर्दै सतप्रतिशत समयसीमा थपेर चार वर्ष पुऱ्याए पनि अन्त्यमा संविधान नै निर्माण नगरी संविधानसभाको विघटन नै गरिदिए । संविधान निर्माण होस् र त्यो संविधानले सबै समस्याको समाधान निकालोस् भन्ने जनताको चाहानालाई हिजोको संविधानसभाले पूरा गर्न सकेन । हिजोको संविधानसभाले गर्न नसकेका कार्यहरू दोस्रो संविधानसभाले गरोस् भन्ने जनताको चाहनालाई वर्तमान संविधानसभाले पूरा गर्नै पर्दछ । हिजो पनि जनताले त्यही चाहेका थिए, तोकिएको समयमै संविधान निर्माण होस् भनेर । हिजो संविधान दिने अपेक्षा जनताले एमाओवादीबाट गरेका थिए, त्यसको एउटै कारण थियो ऊ संविधानसभामा सबैभन्दा ठूलो दल भएको र संविधानसभाको माग पनि उसैले गरेको हुनाले उसैबाट संविधान निर्माण हुने आशा जनताले राख्नु स्वाभाविक भए पनि एमाओवादीले संविधान दिन सकेन । संविधान दिन नसकेकै कारण एमाओवादीलाई जनताले दण्ड सजाय दिएर तेस्रो ठूलो दलमा खुम्चिन बाध्य बनाइदिएका छन् । संविधानसभाको दोस्रो निर्वाचनमा जनताले संविधान पाउने आशामा काँग्रेस एमालेलाई विश्वास गरेर संविधानसभामा पहिलो र दोस्रो ठूला दल बनाई संविधान निर्माण गर्ने जिम्मेवारी सुम्पिदिएका छन् । जनतासामु आफैँले गरेका प्रतिवद्धताहरूलाई पूरा गर्ने दायित्व अब दलहरूकै काँधमा गएको छ । जनता दलहरूका लागि न्यायाधीश हुन्, न्यायलय गएपछि निष्पक्ष न्याय पाइन्छ भनेर जनता न्यायलय जाने गर्छन् । न्यायालयप्रति जनताको अघाध विश्वास भएको हुनाले दलहरूले न्यायालयले दिएको न्यायलाई विश्वास गर्नुबाहेक अन्य विकल्प उनीहरूसँग बाँकी रहँदैन । त्यसको पछिल्लो परिणाम हो एमाओवादीलाई जनताले तेस्रो दलमा खुम्चिन बाध्य बनाइदिनु ।

पहिलो संविधानसभामा काँग्रेस–एमालेका नेताहरू भन्ने गर्दथे – एमाओवादीका कारण संविधान निर्माण हुन सकेन, एमाओवादीकै हठले गर्दा पहिलो संविधानसभाले संविधान निर्माणको कार्य ८० प्रतिशत सम्पन्न गरे पनि २० प्रतिशत कार्य गर्न नसकेपछि संविधान निर्माण हुन सकेन । अहिले अवस्था त्यस्तो छैन । अब काँग्रेस एमालेले अन्य दलहरूलाई दोष लगाएर उम्किन सक्ने अवस्था छैन । सुशील कोइरालालाई प्रधानमन्त्री बनाउने क्रममा देखिएको दुई तिहाईभन्दा बढी मतलाई सुशील कोइराला नेतृत्वको सरकारले बचाएर राख्न सक्नुपर्दछ । काँग्रेस, एमालेबीच भएको सात बुँदे सहमतिमा कुनै दलले विरोध जनाएको खण्डमा सत्तासाझेदार दलहरू त्यसलाई परिमार्जन गर्न तयार भएमा कोइराला सरकारसँग दुई तिहाई मत सुरक्षित हुने भएको हुनाले संविधान निर्माण कार्यमा कठिनाई देखिँदैन । विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा सर्वसम्मत ढंगले संविधान निर्माण भएको इतिहास छैन । भरिसक्ये सबै दलको सहमतिमै संविधान निर्माण गर्ने प्रयास गरिनुपर्दछ । यदि दलहरूबीच सहमति हुन नसकेको खण्डमा विश्वमा चलेको लोकतान्त्रिक पद्धतिअनुसार बहुमतीय पद्धति अपनाएरै भए पनि संविधान निर्माण गर्नै पर्दछ । कतिपय विषयहरूमा काँग्रेस एमाले बीचमै दरार रहेको छ । जस्तै नेपाली काँग्रेसले आफ्नो चुनावी घोषणापत्रमा संसदबाटै चुनिएको सेरेमोनियल राष्ट्रपति र संसद्बाटै चुनिएको कार्यकारी प्रधानमन्त्री हुनुपर्ने उल्लेख गरेको छ भने नेकपा एमालेले संसदबाट चुनिएको सेरेमोनियल राष्ट्रपति र बालिक मताधिकारको आधारमा जनताबाट चुनिएको प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको व्यवस्था हुने चुनावी घोषणापत्रमा उल्लेख गर्नुबाहेक अन्य मुद्दामा काँग्रेस एमालेबीच खासै भिन्नता नदेखिएको हुनाले त्यो विषयमा पनि सहमति नभएको खण्डमा माथि उल्लेख गरिएजस्तै लोकतान्त्रिक पद्धतिअनुसार संसद्मा प्रवेश गराएर त्यसै अनुसार निर्णय गरिएको खण्डमा एक वर्षभित्रमा संविधान निर्माण हुन सक्ने सम्भावना रहन्छ ।

काँग्रेस एमालेबीच गृह मन्त्रालय कसले लिने भन्ने विवाद निकाल्नुले जनतामा नकारात्मक सन्देश गएको छ । नेपालको जस्तो भौगोलिक अवस्था र संवैधानिक अवस्थालाई हेर्दा अझै धेरै वर्ष एउटै पार्टीले संसदमा बहुमत ल्याउन सक्ने अवस्था देखिँदैन । त्यसैले दलहरूले एकले अर्काको भावना बुझेर सहमतीय प्रणालीलाई नै विश्वास गरेर सहमतिकै आधारमा दलहरू अघि बढ्ने प्रयास गर्नु उचित विकल्प हुनसक्छ । गृह विवादले गर्दा काँग्रेस एमालेले अनावश्यक रूपमा समय खेर फालेका छन् । संविधानसभा/ व्यवस्थापिका संसदको पहिलो वैठक माघ ८ गते बसेको दिनलाई नै एक वर्षे कार्यकालको सुरू दिन भएको सभाध्यक्ष सुवास नेम्वाङले स्वीकार गरेको अवस्थामा अब कोइराला नेतृत्वको सरकारले २०७१ साल माघ ८ गतेभित्रमा संविधान जारी गर्नुपर्ने बाध्यता रहेको छ । दलहरूको आपसी खिचातानी र आरोप प्रत्यारोपले गर्दा झन्डै डेढ महिनाको समय त्यत्तिकै वितेको छ । अब संविधान निर्माण गर्ने समयसीमा साढे दश महिनामात्र बाँकी रहेको अवस्थामा संविधानसभा/व्यवस्थापिका संसद र सरकारले समेत सम्पूर्ण ध्यान त्यतैतिर दिएर आजैदेखि संविधान निर्माणको कार्यलाई अघि बढाउँदै अघि बढ्नु संसद र सरकारको दायित्व हो ।

काँग्रेस, एमालेबीच भएको अन्तरकलह समाप्त भएको छ । अर्थात् उनीहरूबीच कसिएको गाँठो फुकेको छ । गाँठो फुकाउने कार्य स्वयम् प्रधानमन्त्री कोइरालाले नै गरेर आफू एककदम पछि हटेका छन् । काँग्रेस एमालेबीच भएको सात बुँदे सहमतिमा राष्ट्रपति र उपराष्ट्रपतिलाई संसदबाट अनुमोदन गराउने सहमति अनुसार अनुमोदन गराउने कार्यलाई जतिसक्दो छिटो गरिनु पर्दछ । काँग्रेस–एमालेबीच मएको राष्ट्रपति र उपराष्ट्रपतिलाई अनुमोदन गराउने सहमति संविधानअनुसार छैन तर उनीहरूले राजनीतिक सहमति गरेर अनुमोदन गराउने जुन सहमति गरे त्यसले भविष्यमा समेत नकारात्मक असर पर्ने पक्कापक्की नै छ । यदि संसदबाट राष्ट्रपति र उपराष्ट्रपति अनुमोदन नभएको खण्डमा के गर्ने, हामी दुई दल र सत्ता साझेदार दल मिल्दा दुई तिहाई पुग्छ भनेर त्यो सहमति गरिएको हो भने त्यो सहमतिले गर्दा अन्य दलहरूको अवमूल्यान भएको छ । संसदमा उपस्थित भएका सबै ३० दल र २ स्वतन्त्र सभासद् सबैलाई जनताले नै मत दिएर आ–आफ्ना प्रतिनिधिका रूपमा संसदमा पठाएका हुन् । जनताका प्रतिनिधिहरूको अपमान गर्ने अवमूल्यन गर्ने अधिकार न त संविधानसभालाई दिएको छ न त संसदलाई नै । हामीहरू ठूला दल हौं, हामीहरूले जे गरे पनि हुन्छ भन्ने मान्यता राखेर काँग्रेस एमाले अघि बढेको खण्डमा एकवर्ष होइन पाँच वर्षभित्रमा समेत संविधान निर्माण हुन सक्दैन । २०४८ सालदेखि २०५१ सालसम्म काँग्रेस एमालेले आफूहरू ठूला दल हौं भन्ने घमन्ड देखाएको र त्यसबेला उनीहरूले अन्य साना दलका कुराहरू नसुनी उनीहरूलाई दबाउने खेलमा लागेका हुनाले २०५२ सालदेखि तत्कालीन संयुक्त जनमोर्चाका प्रतिनिधिसभाका सदस्यहरू संसद् छाडेर जनयुद्धको नाममा भूमिगत भएका थिए । उनीहरूले १० वर्षसम्म चलाएको सशस्त्र आन्दोलनले मुलुकलाई थिलथिलो मात्र पारेन विकास निर्माणका संरचनाहरूसमेत ध्वस्त भए । झन्डै १७ हजार निर्दोष नेपाली जनताले ज्यान गुमाए, त्यो पीडा अहिले पनि सिंगो मुलुकले भोग्नु परिरहेको छ । यो सबै सत्यवास्तविकतालाई ठूला भनिएका र सत्तामा पुगेका काँग्रेस एमालेका नेताहरूले बुझेकै हुनुपर्छ । अब पनि उनीहरूले कुनै दललाई पेल्ने र दबाउने रणनीति लिएर त्यसै अनुसार व्यवहार देखाएको खण्डमा मुलुकमा पुनः अर्को विद्रोह हुनसक्छ । काँग्रेस एमाले र एमाओवादीकै हठका कारण एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा–माओवादीले आफ्ना जायज मागहरू पूरा नगरेको भन्दै संविधानसभाको दोस्रो निर्वाचन नै बहिष्कार गरेको छ । नेकपा–माओवादीसहितको ३३ दलीय मोर्चाले वर्तमान संविधानसभा विघटन गरेर सर्वपक्षीय राजनीतिकसभा गर्नुपर्ने माग गरिरहेको अवस्थामा संसदमा पुगेका दलहरूलाई उपेक्षा गरेर उनीहरूका मागलाई संवोधन नगर्ने, साना दलले के गर्न सक्छन् भन्ने जस्ता घमण्ड देखाएको खण्डमा काँग्रेस एमाले गठवन्धनलाई सत्ता सञ्चालन गर्न र संविधान निर्माण गर्न फलामको चिउरा चपाउनु सरह हुनेछ ।

अहिले बनेको गठवन्धनको नेतृत्व नेपाली काँग्रेसका सभापति सुशील कोइरालाले लिएको हुनाले उनको पार्टीको अस्तित्वसमेत सरकारमा गाँसिएको छ । बहुदलीय व्यवस्थामा प्रधानमन्त्री नै क्याबिनेट हो । प्रधानमन्त्रीले आफूलाई सहयोग गर्नमात्र मन्त्रीहरूको व्यवस्था गरिएको हुन्छ । यदि प्रधानमन्त्रीले बोलेको कुराहरू पूरा भएनन् भने सरकारको अस्तित्व नै रहँदैन । प्रधानमन्त्रीय सिस्टममा कुनै मन्त्रीले राजीनामा दिए पनि सरकार रहिनैरहन्छ तर प्रधानमन्त्रीले राजीनामा दिएको खण्डमा ऽकुनै मन्त्रीले राजीनामा दिनु पर्दैन । यदि प्रधानमन्त्रीसँग सिद्धान्त मिलेन भने मन्त्रीले राजीनामा दिनसक्छन् । कोइरालाले प्रधानमन्त्रीमा नियुक्त भएकै दिन एकवर्षभित्रमा संविधान निर्माण गर्ने प्रतिवद्धता जनाइसकेका हुनाले उनले आफ्नो प्रतिवद्धता अनुसारको कार्यलाई अघि बढाउन सबै मन्त्रीलाई कडा निर्देशन दिनै पर्दछ । गठवन्धन सरकार भएकै कारण दलहरूले आ–आफ्ना अडानहरू कायम राख्नु उचित हुँदैन । सबै दलहरूले एकवर्षभित्रमा संविधान निर्माण गर्ने प्रतिवद्धता जनाइसकेको अवस्थामा दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थलाई हेरेर अघि बढ्नै पर्दछ । प्रधानमन्त्री कोइरालाको लागि सत्ता साझेदार दलहरूभन्दा आफ्नै दलभित्रको आन्तरिक विवाद समस्याको मुख्य बाधक रहन सक्ने अवस्था देखिएता पनि स्वच्छ छवि र निष्ठावान नेताको पगरी पाएका कोइरालाले सानातिना अवरोधहरू पार लगाउँदै आफूले भ्याएसम्म आफ्नो विवेकले देखेसम्मका कामहरू गरेर अघि बढ्न सकेको खण्डमा मात्र वहाँ प्रधानमन्त्री बनेको सार्थकता रहनसक्छ । हामी आशा एवम् विश्वास गरौं प्रधानमन्त्री सुशील कोइराला सिंहदरबारभित्र आफ्नो फोटो झुन्डाउनका लागि मात्र प्रधानमन्त्री बनेको भनेर कसैले औंला ठड्याउन नसकुन् । आफूलाई समयले सुम्पिएको जिम्मेवारी कोइरालाले संविधान निर्माण गरेर देखाउन सकेको खण्डमा उनले मुलुकवासी र अन्तर्राष्ट्रिय जगतबाट पनि स्याबासी नै पाउने छन् । त्यसबेला मात्र उनको स्वच्छ छबि र निष्ठावान नेताको रूपमा उनलाई चिन्न सकिन्छ । अहिले हामी यही विश्वास मात्र गरौं, संविधान निर्माणमा उनी सफल बनुन् ।

*devendrachudal@gmail.com*

# हावादारी आर्थिक सम्मेलन



राजन कार्की

फागुन १२ मा सुरू भएको आर्थिक शिखर सम्मेलन ५० हजार रोजगाारी सिर्जना गर्ने गरी लगानी बढाउने घोषणापत्र जारी गर्दै १४ गते सकिएको छ । नेपाल उद्योग वाणिज्य महासंघ र सरकारको संयुक्त आयोजनामा आर्थिक सम्मेलन भयो, के निक्स्यो निष्कर्ष ? 'खोदा पहाड, निकला चुहा ।' उर्जा, कृषि, पर्यटनलाई विशेष प्राथमिकतामा राखेको गफ चुटियो, लगानीमा देखिएका स मस्या समाधान गर्न सरकार तैयार रहेको बिना विभागीय मन्त्री डा.रामशरण महतले गुड्डी हाँके, महासंघका अध्यक्ष सुरज बैद्यले कामको खोजीमा दैनिक १२ सय विदेश गइरहेका युवालाई रोक्नसक्ने लगानी वातावरण चाहियो भन्ने माग गरे । यही हो नेपालको आर्थिक सम्मेलन । यस्तै हलुका सम्मेलनले मुलुकको आर्थिक क्षेत्रमा क्रान्ति आउँछ ?

नेपालमा सबैभन्दा ठूला समस्या भनेको राजनीतिक अराजकता हो । चुनावका बेलामा सबै दलले बन्द नगर्ने घोषणापत्र निकालेका थिए । यो घोषणापत्र बमोजिम राजनीतिक दलहरूले आर्थिक सम्मेलनमा उभिएर प्रतिवद्धता जनाउन किन आवश्यक ठानेनन् ? तिनलाई किन बोलाइएन ? प्रत्येक निकायमा गठन गरिएका पार्टीपिच्छेका ट्रेड युनियनहरूलाई एउटै बनाउन पार्टीहरूले मञ्जूर किन गरेनन् ? उद्योगी, व्यापारीका ३ संगठन नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्शले यही मञ्चबाट आर्थिक विकासका लागि ऐक्यवद्धताको एउटै श्वर किन निकाल्न सकेनन् ? सर्पले सर्पको खुट्टा देख्छ भनेझैं आर्थिक क्षेत्रका व्यक्तिहरू एकले अर्कोलाई 'चोर ठान्छ, फटाह मान्छ, विश्वास गर्दैन' । आपसमै संशय भएको बर्गले अराजक राजनीतिलाई कसरी आर्थिक उन्नति मैत्री बनाउन सक्छ ? अनि यस्तो सम्मेलन हावादारी नभए के हुन्छ ?

२००७ साल साउन १८ गते सिंहदरवारको ग्यालरी बैठकमा नेपाल-भारत शान्ति तथा मैत्री सन्धि सम्पन्न भयो । यो सन्धिमा भारतीय राजदूत सर सीपी सिंह र प्रधानमन्त्री श्री ३ मोहनशमशेर जबराले सही गरेका थिए । २००८ सालमा मोहनशमशेर दिल्ली गए, पछि बैंकलोर बसाइँ सरे र मरे । तर, त्यो सन्धिले आज पनि नेपालको स्वाधीनता र आत्मनिर्भरताका लागि छटपटीमा पारिराखेको छ । यही सन्धिका दुस्प्रभाव बुझेका मनमोहन अधिकारीले २०५१ सालमा अस्पतालबाटै पार्टीलाई महाकाली सन्धि पास गर्न हुन्न भन्ने सन्देश पठाए । तर माधव नेपाल र केपी ओलीले यो सन्धि पास भएपछि पश्चिमबाट सूर्य उदाउँछ, नेपाल सम्पन्न हुन्छ भनेर गुड्डी हाँके, मनमोहन अधिकारीको जोर चलेन । सन्धि पास भयो, त्यसपछि सीमा, सुरक्षा, सुशासनमा भारतीय अतिक्रमण यसरी बढ्यो कि १९५० को सन्धि खारेज गर्छौं भनेर सुरूङयुद्धको घोषणा गर्ने प्रचण्डको समेत मुखमा ठेडी जाकियो । संसदमै काभ्रेका गोविन्दनाथ उप्रेतीले एमालेको थाप्लोमा जुत्ता हाने, एमालेले ५७ दिन संसद चल्न दिएन, सडकका बार भाँच्यो, आज उही एमाले गृह मन्त्रालयका साथ सरकारमा सामेल भएको छ । कालापानी मार्च गरेका थिए रूपनारायण श्रेष्ठलाई बोकेर बामदेव गौतमले । रूपनारायणको रंग उडिसक्यो, कालापानीबाट सुइँकुच्चा ठोकेका वामदेव नेपालको गृह हाँक्ने हवल्दार बनेका छन् । कोर्टमार्शल गर्नुपर्ने सिपाही फिल्ड मार्सल भएपछि के हुन्छ ? त्यसको नतिजाको संकेत सुरू दिनदेखि नै भ्रष्टाचारका चिसो हावाको झोक्काले दिन थालिसकेको छ । १८१६ मा गिर्वाणलाई गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले धोखा दिएझैं प्रधानमन्त्री बनेका बृद्ध सुशील कोइरालालाई वामदेवले धोखा दिए भने आश्चर्य नमाने पनि हुन्छ किनकि सत्ता नै नेतृत्वको धरातल बनेपछि नहुनु पर्नेजति सबै हुन्छ । यस्तो देशमा सम्मेलन गरेर स्वाधीन आर्थिक सम्पन्नता खोज्नु भनेको स्यालको सिङ् खोज्नुजस्तै हो ।

कार्पेट उद्योग किन धरासायी भयो, जगमगाइसकेको पस्मिना उद्योग किन समाप्त भयो, चम्किएको नेपाली गार्मेन्ट उद्योग किन चलेनको अवस्थामा पुग्यो ? नेपाल उद्योग वाणिज्य महासंघ र राज्यले यसविषयमा समीक्षा गर्न सकेनन् । गतहप्ता एयरपोर्टमा नेपालकै इतिहासमा सबैभन्दा ठूलो कोकिन, लागूऔषध पक्राउ पर्‍यो । ग्यास उद्योगका अध्यक्ष पेस्तोल र गोलीसहित समातिए । रक्तचन्चन र सून तस्करी कहालीलाग्दो गरी बढेका छन् । सुशासन छैन, संविधान लेख्ने ९ सभासद चीनको सयरमा निस्किएका छन् । नेकपा-माओवादी चन्दा उठाउने आचार संहिता जारी गर्छ र सडक संविधान लेख्छु भन्ने घोषणा गर्छ, एमाओवादी हामीलाई किनारा लगाउने हो भने यसको प्रभाव संविधान निर्मँणमा पर्छ भनिरहेको छ । यी सब अराजकता, बन्द हड्तालका ज्वलन्त संकेत हुन् । आर्थिक सम्मेलनमा यी समस्या उठेनन् ।

डा. रामशरण महतले सम्मेलनमा भने- २०२२ मा नेपाल अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा जाँदैछ । यसरी नाक फुलाउने अर्थविज्ञ महतले भन्नसक्नुपर्छ- ११ विश्व विद्यालय किन नियमसंगत चलेका छैनन्, किन तालाबन्दी भइरहेका छन् ? शिक्षामा वर्षेनी लगानी हुने २ खर्ब ६५ अर्व भन्दा बढी रकम किन बालुवामा पानी हालेसरह हुन्छ ? झोलामा खोला बोकिन्छ, झोलामा स्कूल बोकिन्छ, कलेजलाई नक्कली विद्यार्थी कोटा बितरण गरेर र मेडिकल शिक्षामा खुलेआम शैक्षिक माफिया हावी हुनु भनेको अल्पविकसित स्तरबाट विकासशीलमा स्तरोन्नति हुने योग्यता हो ? स्वास्थ्यमा बर्षेनी ९ अरव चुहिएर सकिन्छ । पिउने पानीको हाहाकार छ । देशका विभिन्न भागमा एक प्वाइन्ट रगत नपाएर सुत्केरी हुनसक्दैनन्, सुत्केरी भएका मर्छन् । नेपालीलाई राष्ट्रिय परिचयपत्र बनाउन एडीवीले ८० लाख डलर दियो, खिलराज सरकारको पालामा आफ्ना मान्छेले नपाउने भएपछि त्यसको प्रक्रिया नै अवरूद्ध भएको छ । सरकारका सल्लाहकार छन् : चिरञ्जीवी नेपाल । उनले भनेका छन्- वार्षिक ७० अर्व लगानी बाहिरिदैछ, नेपाली उद्यमी विदेशमा उद्योग खोल्न आकर्षित भएका छन् । यो सत्यबारे किन आर्थिक सम्मेलनको एजेन्डा बन्न सकेन ? भर्खरै अमेरिकी लगानीकर्ता सुरक्षा, मजदूर समस्या र सरल कानुनको अभावमा नेपालमा लगानी गर्न सकिन्न भनेर फर्कियो, प्रचण्ड कतार पुगेर लगानी गर्न अनुरोध गर्दा कतारले पनि यही कुरा दोहोर्‍यायो । आर्थिक सम्मेलनमा सहभागी हुन आएका भारतीय उद्योग परिसंघका अध्यक्ष अजय एस श्रीरामले मञ्चबाटै नेपाल-भारतको सहकार्यको प्रशंसा गर्दै भने नेपालमा लगानी आकर्षित गर्ने स्वच्छ वातावरण बन्नु जरूरी छ । के भनेको हो यो ? बन्द, हड्ताल, मजदूर र कानुनी समस्या हुनुहुन्न भनेको होइन यो ? यदि समस्या यी हुन् भने नेपालमा लगानीबृद्धिका लागि राजनीतिक समस्या छ । जब राजनीतिक समस्या छ भने यी समस्या हामी सिर्जना गर्दैनौं, लगानी वातावरण दिन तैयार छौं भनेर आर्थिक सम्मेलनको मञ्च र संविधानसभा, संसदबाट सर्वसम्मत बक्तव्य किन जारी नगर्ने ? देशको आर्थिक सम्पन्नता राजनीतिक ध्येय हो भने यति गर्न किन आपत्ति, अप्ठेरो ? होइन, लोकतान्त्रिक अराजकताको तीरले मुलुकको सिकार गर्ने हो भने नेपाल भीरबाट खँगारिन थालिसकेको छ, कंगो, सोमालिया, बुरूण्डी, सुडानको स्तरमा पुग्न कति समय लाग्ला र ?

रोजगाारीको खोजी गर्दै दिनहुँ युवायुवती विदेशीनेक्रम जारी छ । श्रमदेखि अध्यागमनसम्म मान्छे निकासी उद्यम गर्न यत्न गर्छन्, कर्मचारीदेखि दलालसम्म, नेतादेखि समाजसेवीसम्म घूस खाने प्रयत्न गर्छन् । कतारदेखि साउदीसम्म नेपाली युवा दास बनिरहेका छन्, युवती यौन लुटाउन बाध्य भइरहेछन् । बिधिनिर्माता निर्वस्त्र भएपछि, सुरक्षा स्वत्वहीन र युवा लाचार भएको देश बनिसक्यो नेपाल । रेमिटान्सले बनेको कुनै देश छैन, नेपाल रेमिटान्स अर्थतन्त्रमा आर्थिक सम्पन्नताको सपना देखिरहेको छ । यो गलत सोच हो । ०६३ सालदेखि राजनीतिक भागबण्डामा चलेको मुलुक ७ वर्षपछि पनि त्यही दोबाटोमा अलमलिइरहेको छ, लोकतन्त्र राजनीतिक हुकुमतन्त्र बनिरहेको छ । भोल्टेयर भन्थे- बुद्धिमान काम गर्छ, मूर्ख कुरा गर्छ । हामी अझै पनि सत्यलाई सम्मेलनको ब्यानरले छोपिरहेका छौं । छोपेर दुर्गन्ध कहाँ रोकिन्छ र ? नेपाली दुर्दशाको दुर्गन्ध विश्वव्यापी भइरहेकै छ । देशको भविष्य हामीसँग छ भन्ने योजना बोकेका र देशका लागि स्वयंसेवा गर्न खोज्ने डाक्टर शिवराम ढकालहरू सिंहदरवारतिर लाग्ने सडकका किनारामा फालिएका छन् । आफ्ना भजन, किर्तनेहरूलाई क्रेनले उचाल्ने र काखीच्याप्ने संस्कारमा सुधार आएको छैन ।

राजनीतिमा शल्य र सकुनीहरूको षडयन्त्र बिक्ने बजार बन्यो । नेदरलेण्डले मंगलग्रहमा बस्ती बसाल्ने 'मार्स वान' योजनामा १०७ देशका १५८ जना युवा छानिए । त्यसमा नेपालका समीर न्यौपाने पनि छन् । अर्का एक नेपाली युवाले अमेरिकी कपिराइट पाएका छन् । नेपाली युवामा प्रतिभा नभएको होइन । नेपाली युवा बैज्ञानिकले रोबोट बनाइसके, अनेक अनहोनी काम गरिरहेका छन् । तर 'पितृ' राजनीतिज्ञहरू युवाहरूलाई उठ्न दिदैनन्, हैकम चलाइरहेका छन् । युवा निराश छन्, बिद्रोह गर्ने साहस जागृत भएको छैन ।

पद्मशमशेरले २००४ सालमै महिला कानुन बनाएर महिला हिंसा रोक्ने प्रयास गरे । तर, २०७० सालको प्रहरी रिपोर्ट हेरौं, सबैभन्दा बढी महिला हिंसाको रेकर्ड देखिन्छ । चन्द्रशमशेरले चन्द्रज्योति बालेर उज्यालो दिएका थिए, लोकतान्त्रिक नेताहरूले हप्ताको ८४ घण्टाबाट अझ बढी अँध्यारो पार्दैछन् देशलाई । देशभरि, शासनभरि, प्रशासनभरि, पार्टीभरि, नेताका दिमागभरि हिंसैहिंसा छन् । यी सबै हिंसाको कारण नेतातन्त्र हो । कृषिप्रधान देश थियो नेपाल, आज बर्माबाट दाल, भारतबाट नुन, चामल, तेल, ग्यास, सयपत्री फूल, फिलिपिन्सको खुर्सानी, चीनको लसुन, स्याउ, लुगा, भुटानको आलु, जर्मनको प्यास आयात गरेर खाइरहेको छ । निजीकरणमा किनेको उद्योग भारतलाई बेचेर, जग्गा दलाली गर्न आतूर छन् निजी उद्यमी । तिनै आर्थिक सम्मेलन गरेर उद्यम र रोजगारीको भाषण हाँक्छन् । भ्याट छल्ने, राजस्व मार्ने र कालोबजारी गर्ने को हुन् ? पार्टीलाई चन्दा दिएपछि नेपालमा जे पनि गर्न पाइन्छ भनेर राजनीतिक अपराध फैलाउने काममा उद्यमी पनि जिम्मेवार छन् । उद्योग, व्यापारको पनि आचारसंहिता हुन्छ । उद्यम, व्यापारी पैसाका लागि जति पनि सामाजिक अपराध गर्नसक्छ ? तथापि उद्यमी व्यापारीले सरकारसँग मिलेर आर्थिक सम्मेलन गर्नु सामयिक कार्य हो, अत्यावश्यक कार्य हो । यो कार्यमा राजनीतिक दलहरूलाई पनि उभ्याएर बन्द, हड्ताल, तालाबन्दी, अराजक जुलुस निकाल्ने काम गर्दैनौं, अराजक र असुरक्षाका संरक्षक बन्दैनौं भन्ने प्रतिवद्धता गराउन सकेको भए र उद्यमी तथा व्यापारीले पनि नेपालमै उत्पादनबृद्धि गर्न लाग्छौं, कानुनमा चल्छौं, आफ्नो धर्म निर्वाह गर्छौं भनेको भए सुनमा सुगन्ध हुने थिएन र ? आत्मनिर्भरतादेखि लगानी र श्रम पलायन रोक्न यस्तो सम्मेलनको महत्व कति हुन्थ्यो कति ? बुद्धिको भकारीमा भ्रष्टाचार भरिएपछि सम्मेलन कहाँ सुकाम हुन्छ र ?



# Foreign Designs against Balochistan

**Sajjad Shaukat**

Located on the southwestern coast of Pakistan, Balochistan's Gwadar deep-seaport is close to the Strait of Hormuz from where more than 17 million barrels of oil passes every day. Its ideal location among three key regions, South Asia, the oil-rich Middle East, and oil and gas-resourced Central Asia has further increased its strategic significance. Its development with Chinese assistance and latter's bilateral agreements with Islamabad has shifted the great game of Central Asia to Pakistan.

Besides, Balochistan's abundant mineral resources like gas, coal and gold, entailing Pakistan's close ties with China pinches the eyes of the US, India, Israel and some western countries which intend to destabilize Pakistan for their collective aims. These hostile powers are trying to create fissures between Islamabad and Beijing so as to sabotage their strategic alliance.

In this regard, Balochistan's business and trade opportunities have also made it important for US, EU, Russia, China, India, Iran, Afghanistan and Central Asian Republics to play the great game, while anti-Pakistan powers are secretly working to create conditions to control and influence the resource-rich zones, disregarding the compulsions of mainland integration.

While terror-acts and human rights violations are already keep on going in Balochistan, but without grasping reality, and using the existing political predicament in the province as a pretext to encourage separatism, external enemies raise voice on human rights violations over projection of mass graves which were found in Tootak area of Khuzdar on January 25, 2014. And Baloch Sub Nationalists (BSNs) have unleashed false allegations against Pakistan by purporting fabricated figures of bodies over 150 and declaring these bodies as missing Persons—articulated voices of external enemies to alleged enforced disappearances, holding Pakistan's security forces and law-enforcing agencies responsible for every wrong which takes place in Balochistan. It seems ridiculous when some of them allegedly say that security agencies are behind terrorist activities in Balochistan.

Nevertheless, on 30 January 30, 2014, US Congressman Louie Gohmert delivered a highly venomous speech at US House of Representatives on Balochistan Situation, citing his meeting with BSN leadership, which was broadcasted live on Cable Satellite Public Affairs Network in US. Senator Gohmert also read out the article of Tarek Fateh (Canada based BSNs' sympathizer), published by Toronto "SUN" on January 28, criticizing US for ignoring the mass graves issue during US Senator John Kerry's meeting with Pakistan's National and Foreign Affairs Advisor Sartaj Aziz.

Notably, India, US and Israel have been internationalizing the Balochistan issue in accordance with their secret goals. In this respect, in connivance with the Baloch separatist leaders who have taken refuge in Switzerland, Sweden, US and London, these external elements use media, various NGOs and human rights organizations for false propagap6"nda against Pakistan's security agencies in relation to extrajudicial killings, mutilated bodies and the missing persons.

As regards the deteriorating situation of Balochistan and the missing persons, everyone knows that Balochistan Liberation Army (BLA) and their affiliated outfits including another group, Jundollah (God's soldiers) which have been fighting for secession of the province gets logistic support from American CIA and Indian RAW—these militants kidnapped and killed many innocent people and the security personnel in the province. They also massacred many persons through suicide attacks, bomb blasts, targeted killings and sectarian violence. Therefore, they are responsible for dumped bodies and extrajudicial killings in the province. On a number of occasions, these insurgent groups claimed responsibility for their subversive acts. A majority of the disappeared individuals are also in the detention centers (Farrari Camps) which are being run by Baloch feudal lords (Sardars) who want to continue old system of feudalism in the province.

Unfortunately, BLA and BSNs are also in collusion with some US Congressmen to get foreign support so as to animate the scheme of separatism in Balochistan. In this context, dissidents like Khan of Kalat Mir Suleman Khan, Hyrbyair Marri, Mehrab Sarjov and others are busy in Europe and US to project Balochistan issue on international level. For the purpose, these leaders and especially, Baloch feudal lord, Khan of Kalat planned to take the issue of Balochistan to International Court of Justice (ICJ) and expected that India would pay $2.4 million lawyers' fee to contest their case in ICJ. As Indian support did not get materialized, these leaders contacted to US officials to forward their case.

In February 8, 2012, three Republican Congressmen including Dana Rohrabacher, Louie Gohmert and Steve King tabled a bill before US Congress stating, "Balochistan is currently divided between Pakistan, Iran and Afghanistan with no sovereign rights of its own. In Pakistani Balochistan the people are subjected to violence and extrajudicial killings." The bill favoured Baloch rights of self-determination, having a sovereign state—and must be afforded the opportunity to choose their own status.

Earlier, the US subcommittee on 'Oversight and Investigations of the House Committee on Foreign Affairs' convened a hearing on extrajudicial killings and violation of human rights in Baluchistan. Rohrabacher chaired the meeting, while Lt. Col. (R) Ralph Peters testified. Lt. Col. (R) Peters is the architect of infamous 2006—New Middle East map and is an advocator for the disintegration of Muslim states on sectarian and religious lines. His map shows a number of Islamic countries including Pakistan as truncated. While writing in the June 2006 issue of The Armed Forces Journal of the US, he had suggested Washington about the creation of a "Greater Balochistan" which would integrate the Baloch areas of Pakistan with those of Iran—and the Frontier Province (Khyber Pakhtoonkhwa) should be incorporated into Afghanistan."

Although the US Administration quickly distanced itself from Congressional hearing by Rohrabacher and Peters' testimony, yet US denial does not augur well with ground reality, as American think tanks, NGOs and websites go on instigating the separatist elements in Baluchistan. US State Department which funded National Endowment for Democracy (NED) and Voice of Baluchistan (VOB) have been instrumental in fomenting dissension and nationalistic feelings in the province. It has been pressurizing Pakistan to allow opening of a US consulate in Quetta. The aim is to execute US covert designs against Islamabad.

It is mentionable that the Tea Party members in US Congress, especially Dana Rohrabacher, Louie Gohmert and Steve King are reportedly working to create an independent Balochistan. Their leaders are angry with Pakistan on the self-created presumption of sheltering Osama-bin-Laden, and intend to teach a lesson to Islamabad by assisting the Baloch separatists. These Tea Party members who currently back the idea of a sovereign Balochistan were in the forefront of Afghan Jihad against the former Russia. They also held meetings with dissidents in London. As a result of the general elections 2013, the government led by a nationalist leader Chief Minister Balochistan Dr Abdul Malik Baloch was established. And on December 7, 2013; local bodies elections were largely held in a peaceful manner in Balochistan. However, these elections proved that majority of the Baloch are loyal to the federation, as they have rejected the case of separatists, being projected by Dana Rohrabacher including other entities.

Now, the right hour has come that Pakistan's internal entities, particularly media must expose the foreign sinister aims against Balochistan. They must indicate that Baloch dissidents are being supported by external forces which are actually having devouring eyes on Balochistan's mineral deposits. US Congressmen must also not encourage separatist elements in the province to advance their own agenda to usurp resources of Balochistan. US government must not muddle in the internal affairs of Pakistan, otherwise it will lead to dangerous consequences.

Pakistani media, civil society, political parties and judiciary must realize that Balochistan is being plotted as part of the great game in which US and its allies plan to fulfil their strategic interests at the cost of Pakistan and China. Hence, all Pakistanis must get united to negate and defeat the greedy designs of US, EU and India.

Political instability in Balochistan must come to an end and present government in Balochistan must be supported by media, civil society and political parties.

Our media must denounce the intriguing designs of US members of the Tea Party, who are showing their hypocrisy and double face regarding Balochistan. Media should point out that these hostile members draw sanctified reference from British colonial era of the 18the century when a protest in Boston against absurd taxation on Tea (product) was held by a Tea Party as a measure of raising voice for human rights. The situation in Balochistan presents an internal issue of Pakistan which has mainly been addressed by the political leadership.

The issue of mass graves is under court investigations and official findings are being completed through DNA testing. Hostile propaganda by BSNs that actual number of bodies found was much higher than 13, as officially reported, must be countered. Foreign propaganda should not be allowed to encourage the separatists who are in minority.

Media must also indicate that besides protecting mega projects, and promoting other developments works, Pak Army set up a number of institutes in Balochistan, which have been providing especially technical training to thousands of Balochis. Pak Army has also been imparting military training to the Baloch youth. The purpose is to bring the Baloch people in the mainstream of the country.

We must counter foreign designs and denounce meetings between Baloch dissidents and US Congressmen by exposing the connivance of anti-Pakistan forces against Balochistan.



# द्वन्द्व, संवेदनशीलता र विकास

शोभा घिमिरे

सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र मानवीय विकासका सूचकांकमा दिगो र सकारात्मक परिवर्तनको सुनिश्चितता गराउने प्रक्रिया नै विकास हो । यो विकासोन्मुख मुलुकको प्रधान लक्ष्यका रूपमा निरन्तर चलिरहने प्रक्रिया हो । कुनै पनि देशको विकासका लागि असहज र प्रतिकूल अवस्था सिर्जना हुनु नै द्वन्द्व हो । द्वन्द्वको अवस्थामा विकास क्रियाकलाप सञ्चालन, व्यवस्थापन र विकासका प्रतिफलको उपभोग सहज रूपमा गर्न सकिन्न । तसर्थ, यस्तो अवस्थालाई सम्बोधन गर्नसक्ने विकास योजना, जसले द्वन्द्वको समाधान र व्यवस्थापनलाई प्रत्यक्ष सघाउ पुऱ्याई शान्ति स्थापनामा योगदान गर्न सक्छ, त्यस्तो विकास नै द्वन्द्व संवेदनशील विकास हो । यस्तो अवधारणा १९९० को दशकमा रूवान्डामा भएको आमनरसंहारपछि विकास भएको हो । द्वन्द्वको समयमा खासगरी राजनीतिक संस्थाको क्षय, राज्यका आधारभूत सेवा दिने क्षमतामा ह्रास, पुँजी पलायन, उत्पादनका आधारको नाश र सामाजिक सञ्जालको छिन्नभिन्नताको अवस्था रहने भएकाले यस्तो समयमा विकास व्यवस्थापनमा विभिन्न अवरोध उत्पन्न हुने गर्छन् । यसका लागि विकास योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन आदि विकास व्यवस्थापनका हरेक चरणमा द्वन्द्वको परिस्थितिको समाधान गर्ने उपयुक्त रणनीतिका रूपमा द्वन्द्व संवेदनशील विकासलाई अवलम्बन गर्न सकिन्छ । विकासको उक्त ढाँचा अवलम्बन गर्दा विकास प्रक्रिया पिछडिएका क्षेत्र र विपन्न वर्गमा केन्द्रित हुने, स्रोत र साधन सीधै जनताको पहुँचमा पुग्ने तथा स्थानीयस्तरका सरकारी र सामुदायिक संगठनको सहायतामा विकास गतिविधि सञ्चालन गर्ने गरिन्छ । विकास, पुनर्निर्माण, शान्ति, पुनर्स्थापना र मानवीय सहायताका कार्यक्रम साथसाथै कार्यान्वयनमा जाने हुँदा द्वन्द्व व्यवस्थापन एवं शान्ति स्थापनार्थ सकारात्मक भूमिका खेल्छ । अतः द्वन्द्व संवेदनशील विकास वास्तविक रूपमा विकासको सार हो भन्न सकिन्छ । नेपालको परिवेश विश्लेषण गर्दा विगत एक दशक लामो सशस्त्र द्वन्द्वबाट प्राप्त उपलब्धिलाई संस्थागत गरी आमजनमानसमा उर्लेको आशा र उत्साहलाई सम्बोधन गर्न नसक्दा नेपालमा विभिन्न आन्तरिक मुद्दामा द्वन्द्वको स्थिति देख्न सकिन्छ ।

द्वन्द्वको अवस्थामा पनि विकासका क्रियाकलाप सञ्चालन गरी आधारभूत मानवीय आवश्यकता पूर्ति गर्न यसको महत्व रहेको छ । विकासबाट सिर्जित प्रतिफललाई जुनसुकै अवस्थामा पनि जनताको पहुँचमा पुऱ्याउन, स्थानीय स्रोतसाधन परिचालनद्वारा जनतालाई रोजगारीको अवसर सिर्जना गर्न, स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागितामा विकासका कार्यक्रम अगाडि बढाउन, द्वन्द्वरत जनताको बृहत्तर हितमा विकासका गतिविधि अगाडि बढाउन यसको महत्व रहेको छ । विकासका प्रतिफल सबै क्षेत्र र वर्गमा समान वितरण गर्न, द्वन्द्वका नकारात्मक प्रभावलाई न्यून गर्न, सेवा प्रवाहमा हुने अवरोधका कारण सिर्जित नागरिकको राज्यप्रतिको अविश्वासलाई कम गर्न यसको आवश्यकता रहेको छ । दीर्घकालीन नीति योजना र रणनीति तर्जुमा गरी समाजमा पुनर्निर्माण र पुनर्स्थापनाको माध्यमबाट सामाजिक पुनः एकीकरण गर्न, समाजमा रहेका ईर्ष्या, वैमनस्य र मतभेद न्यून गर्दै मुलुकमा दिगो शान्ति कायम गर्नसमेत द्वन्द्व संवेदनशील विकासको महत्व रहेको छ ।

द्वन्द्व संवेदनशील विकासको माध्यमबाट द्वन्द्वको अवस्थामा पनि विकास गतिविधि सञ्चालन गरेर नागरिकमा विकास योजनामार्फत सेवा प्रवाह गर्न सकिन्छ । हाम्रो जस्तो आन्तरिक द्वन्द्व भइरहने समाजमा द्वन्द्व संवेदनशील विकासका रणनीति अपनाउनुको महत्व, द्वन्द्व व्यवस्थापनका लागि भएका संवैधानिक, नीतिगत र संस्थागत व्यवस्था, यस प्रक्रियामार्फत विकास व्यवस्थापन गर्दा आइपर्ने चुनौती र साथै समस्या समाधानका उपाय रहेका छन् ।

द्वन्द्वको समयमा व्यक्ति-व्यक्ति, व्यक्ति-समाज र जनता-राज्यबीचको सम्बन्ध बिग्रिएको हुन्छ । भौतिक पुनर्निर्माण र सामाजिक लक्ष्यको पुनः सिर्जना गर्न लामो समय लाग्छ । यस्तो परिस्थितिलाई सम्बोधन गर्न राज्यबाटै आवश्यक पहल गर्नुपर्ने हुँदा नेपालको अन्तरिम संविधान ०६३ मा राज्यको दायित्वअन्तर्गत सशस्त्र द्वन्द्वका क्रममा मारिएकाको परिवारलाई तथा यस क्रममा घाइते भई अपांग र अशक्त भएकालाई उचित राहत, सम्मान तथा पुनर्स्थापना गर्ने प्रावधान रहेको छ । संविधानमा राज्यको नीतिअन्तर्गत राज्यले द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने प्रावधान छ । नीतिगत रुपमा द्वन्द्वपीडितलाई सामाजिकीकरण गर्ने, विकास कार्यक्रममा द्वन्द्व निरोधात्मक उपायका साथै द्वन्द्व संवेदनशील पद्धति अनिवार्य रूपमा समाहित गर्ने कार्यनीति लिइएको देखिन्छ । साथै तेह्रौं योजनाको आधारपत्रले द्वन्द्व प्रभावितका लागि राहत, पुनर्स्थापना र पुनः एकीकरणका कार्य गर्ने, द्वन्द्वको क्रममा क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण गर्ने, द्वन्द्वपछिको अवधिमा शान्तिका लागि गरिने स्रोत परिचालनको प्रभावकारी व्यवस्था गर्ने, शान्ति कायम गर्न विभिन्न समूहसँगको वार्ता प्रक्रियालाई निरन्तरता दिने र समाजमा हुनसक्ने द्वन्द्वका कारक तत्वलाई यथासमयमा पहिचान गरी दिगो शान्ति कायम गर्ने रणनीति लिएको पाइन्छ ।

द्वन्द्व संवेदनशील विकासले पुनर्निर्माण र दिगो शान्ति निर्माणका लागि पर्याप्त आधार निर्माण गर्नुपर्छ । यस क्रममा सञ्चालन गरिने विकास योजना, कार्यक्रम तथा आयोजनाको लक्ष्य शान्ति, सामाजिक न्याय, सामञ्जस्य र परस्पर सद्भावमा आधारित समाज निर्माण गर्ने खालको हुनुपर्छ । कुनै पनि योजना, कार्यक्रम र आयोजनाले सामाजिक शान्ति र सद्भावमा खलल पार्नु हुँदैन । अधिकतम सकारात्मक परिणामलाई लक्ष्य बनाउनुपर्छ । तसर्थ द्वन्द्व संवेदनशील विकासको प्रक्रिया अवलम्बन गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ । द्वन्द्व संवेदनशील विकासका मुद्दा तथा चुनौती धेरै छन् । योजना, नीति तथा कार्यक्रमजस्ता विषयलाई द्वन्द्व संवेदनशील विकासको ढाँचाअनुसार परिवर्तन गर्नु चुनौतीपूर्ण छ । द्वन्द्व र यसका कारणलाई विश्लेषण गरेर विकास योजना द्वन्द्व संवेदनशील विकासको योजनाको रूपमा अघि सार्नु, सशस्त्र द्वन्द्वका कारण सिर्जना भएको मनोवैज्ञानिक प्रभावलाई सम्बोधन गर्नु पनि चुनौतीका रूपमा रहेको छ । सहभागितामूलक विकास प्रक्रियालाई अगाडि बढाउनु, द्वन्द्वरत समयमा भएको क्षतिको पुनर्निर्माण र पुनर्स्थापनाका कार्यक्रमलाई नतिजाउन्मुख बनाउनु विकासका कार्यक्रममार्फत असमानताप्रति सम्बोधन गर्नु, द्वन्द्वरत पक्षलाई विकास प्रक्रियामा विश्वस्तता दिलाउनु, दण्डहीनता अन्त्य र कानुनी राज्य स्थापना शीघ्र गर्नु, सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता छानबिन आयोग गठन गरी शीघ्र न्याय प्रदान गर्नु आदि रहेका छन् ।

व्यक्तिगत ईर्ष्या र मनोमालिन्यबाट सिर्जना हुने सानातिना द्वन्द्वबाहेक अन्य सबैखाले द्वन्द्व समाजमा शक्ति, अधिकार, स्रोतसाधन र अवसरमा हुने विभेदका कारण उत्पन्न भई समयमै व्यवस्थापन हुन नसक्दा खुला र हिंसात्मक हुने गरेका छन् । तसर्थ द्वन्द्वका कारण समयमै पहिचान गरी आमजनताको आवश्यकता र प्राथमिकतासँग मेल खाने किसिमको विकास प्रक्रिया सुचारू गर्न सकिन्छ । यसका लागि द्वन्द्व संवेदनशील विकासका रणनीति अवलम्बन गर्न सकिन्छ । द्वन्द्वका कारण पत्ता लगाई उपयुक्त प्रकारले सम्बोधन गर्दै गरिबी निवारणमा प्रतिबद्ध हुने, आर्थिक असमानतालाई सम्बोधन गर्दै अघि बढ्ने, द्वन्द्वलाई समाधान गर्ने हिसाबले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्दै यसको प्रभाव मूल्यांकन गरी सम्बन्धित पक्षको पृष्ठपोषणलाई उचित ध्यान दिने, संवेदनशील विकास ढाँचाको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रदेखि स्थानीय तहसम्मका शान्ति संयन्त्रलाई सुदृढीकरण गर्नु आवश्यक छ । विकास कार्यक्रममा द्वन्द्व निरोधात्मक उपायका साथै द्वन्द्व संवेदनशील विकास पद्धति अनिवार्य रूपमा समाहित गर्ने प्रावधान राख्ने, विकास प्रक्रियामा सम्बद्ध सबै सरोकारवालाको सक्रिय सहभागिता गराउने, शान्ति, अहिंसा, परस्पर सहिष्णुता र सद्भावमा आधारित संस्कृतिको विकास गर्नु आवश्यक छ ।

द्वन्द्व समाजको अनिवार्य तत्व भए पनि सामाजिक व्यवस्थापनको क्षमताबाहिरको द्वन्द्वले हिंसात्मक रूप ग्रहण गर्ने र समाजको सामाजिक, आर्थिक, भौतिक र मानवीय स्रोत क्षति गराई सामाजिक सहभावमा अवरोध सिर्जना गर्छ । यसबाट विकास प्रक्रियाका साथसाथै राज्य संयन्त्रको सेवा प्रवाह गर्ने क्षमतामा समेत प्रभावित हुन पुग्छ । द्वन्द्वको समयमा विकासका गतिविधिलाई समाजको संरचनाभित्र अनुकूलन बनाउँदै दिगो विकास व्यवस्थापनतर्फ यसले जोड दिन्छ । लामो सशस्त्र द्वन्द्वपछि प्राप्त शान्तिलाई द्वन्द्व संवेदनशील विकासका रणनीति अवलम्बन गरी दिगो शान्तिमा रूपान्तरण गर्नु नै नेपाली समाजको चाहना र आवश्यकता हो ।

## सेवा बैंकको रक्तदान

बुटवल/ रूपन्देहीको बुटवलमा केन्द्रीय कार्यालय रहेको सेवा विकास बैंकले आठौँ वर्ष प्रवेश अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजित कार्यक्रम सञ्चालक समितिअध्यक्ष भीमप्रसाद तुलाचनले शुभारम्भ गरेका थिए ।

रक्तसञ्चार केन्द्र, बुटवलले प्राविधिक सहयोग गरेको कार्यक्रममा बैंक कर्मचारी एवं शुभचिन्तकले रक्तदान गरेका थिए ।

बैंकले आठौँ वर्ष प्रवेश अवसरमा विगतदेखि नै अक्षयकोष, शैक्षिक सामग्री वितरण, अनाथ तथा अपांगका लागि आर्थिक सहयोगलगायत कार्यक्रम सञ्चालन गर्दै आएको कार्यकारी अधिकृत महेशप्रसाद काफ्लेले बताए ।

चुरेलाई नियालेर हेरौं, चुरेको सही अर्थ बुझौं




चुरे संरक्षण तर्फ आजैदेखि लगौं र यसको विनासलाई समयमै रोकौं ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम चौथो वर्षमा प्रवेश

- यसमा वृक्षारोपण, क्षतिग्रस्त भूमि पुनरूत्थान, नदी कटानबाट जग्गा उकास गरी पुनः प्रयोगमा ल्याउने, जल संरक्षण र व्यवस्थापन कार्य आदी गर्ने रहेकोमा यस आ.व.देखि कृषि, वन, भू-संरक्षण, वनस्पति, पशुसेवा विभाग गरी ६ निकाय कार्यरत ।
- निश्चित नदी प्रणालीमा कार्यक्रम संचालन भइरहेको ।
- कार्यक्रमले चुरे क्षेत्रको संरक्षण र विकास टेवा पुग्ने विश्वास ।

राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
राष्ट्रिय गौरवको आयोजना

# दलितलाई निषेध किन ?

गोपाल बराइली

'म आफ्नै आँगनमा इनार बनाउँछु...' गायक यशकुमारले दलितले गैरदलितको आँगन टेक्न नपाउँदाको पीडा, इनारमा पानी भर्न नपाउँदाको पीडा गीतमार्फत यसरी नै पोखे । दलितले मन्दिरमा पस्न नपाएपछि, घरभित्र पस्न नपाएपछि उनले आफ्नै आँगनमा इनार बनाउने, मन्दिर बनाउने कुरा गरे ।

यो २१औँ शताब्दीमा पनि दलित समुदायले गैरदलितको घरमा प्रवेश गर्न पाएका छैनन् । आखिर किन दलितले गैरदलितको घरमा प्रवेश गर्न पाउँदैनन् ? दलितले गैरदलितको घरमा प्रवेश गर्दैमा गैरदलितको त्यो घर के साँच्चै बिटुलो हुन्छ त ? दलितले गैरदलितको घरभित्र पस्दा त्यो घर बिटुलो भएको वा अनिष्ट भएको कुनै त्यस्तो प्रमाण कसैले पेस गर्न सक्छ ? अवश्य सक्दैन । किनभने दलित समुदायका कुनै पनि व्यक्ति गैरदलितको घरभित्र पस्दा न त्यो घर बिटुलो हुन्छ, न त अनिष्ट नै हुन्छ । दलितले गैरदलितको घरभित्र पस्न हुँदैन भन्ने त सामन्ती प्रचलन मात्र हो ।

दलित समुदाय कला र सीपमा धनी हुन्छन् । उनीहरु औजार बनाउन सिपालु हुन्छन् । घर बनाउने औजार तिनै दलित समुदायका व्यक्तिले बनाएका हुन्छन् । गैरदलितको इज्जत ढाक्ने कपडा सिलाउने, गोडामा लगाउने जुत्ता सिलाउने तिनै दलित हुन् । उनीहरूले नै मन्दिर बनाइदिन्छन्, मन्दिरमा चढाउने त्रिशूल बनाइदिन्छन् । भगवान्का अगाडि बत्ती बालिने दियो बनाइदिन्छन् तर विडम्बना उनीहरु नै त्यो मन्दिरमा पस्न पाउँदैनन् । आफ्नै हातले निर्माण गरेको घरभित्र पस्न पाउँदैनन् । आखिर किन त ? त्यसको मुख्य कारण भनेको सामन्ती संरचना नै हो । त्यसलाई नभत्काएसम्म दलितले गैरदलितको घरमा पस्न पक्कै पाउँदैनन् ।

दशवर्षे माओवादी सशस्त्र द्वन्द्वकालमा माओवादी लडाकु र सरकारी सुरक्षाकर्मी, दुवैथरीका त्रास र सहयोगका कारण कसैले पनि चाहेर वा नचाहेर दलितलाई घरभित्र प्रवेश सहज बन्यो । त्यसवेला माओवादीले जसका घरमा पनि दलितलाई प्रवेश गरायो । कसैले छुवाछुत गरे उसले भाटे कारबाहीसमेत गर्‍यो । माओवादी सबैको घरमा पसेर खाना खाइदिन्थे, जसका कारण गैरदलितले दलितलाई घरमा पस्दा केही भन्न सक्दैनथे । त्यसले गैरदलितको घरभित्र दलित पस्दैमा कुनै अनिष्ट वा बिटुलो हुँदैन भन्ने सन्देश त प्रवाह गर्‍यो तर त्यसले दीर्घकालीन रूपमा समस्याको समाधान गर्न भने सकेन । तैपनि दलितले दशवर्षे द्वन्द्वकाललाई ऐतिहासिक भन्ने गरेका छन् । यद्यपि त्यसवेला त्यसले जुन प्रकारको प्रभाव पारेको थियो, अहिले छैन ।

मन्दिर पस्न आन्दोलन

अघिल्लो वर्ष गाउँकै मन्दिरमा प्रवेश गर्न खोज्दा रौतहटको पिपरियाको दलित बस्तीमा गैरदलितले आक्रमण गरे । गैरदलितको आक्रमणबाट १८ जना दलित घाइते भए । दलित बस्तीको ६० घर तोडफोड गरियो । सिरहा र सप्तरीमा ०५५ तिर प्रारम्भ भएको सिनो फ्याँक्ने आन्दोलनले त्यहाँका दलितलाई सिनो फ्याँक्न निषेध गर्‍यो । सप्तरीको छिन्नमस्ता गाविसमा सार्वजनिक पोखरीको माछासम्बन्धी लडाइँले ठूलै हलचल मच्चायो । गाउँका ठालुले ६० दलित परिवारलाई कुटपिट गरे, केही घरमा आगजनी गरे र ठूलै जनधनको क्षति भयो । यो एउटा उदाहरण मात्र हो ।

०५५/५६ तिर दलित आन्दोलनको रूप मन्दिर प्रवेशको थियो । विभिन्न संघसंस्थाले देशभर नै मन्दिर प्रवेशको लहर नै चलाए । डोटीको शैलेश्वरी मन्दिर प्रवेशका वेला त झडपसमेत भयो । तैपनि पहिलो चरणमा दलितले मन्दिर प्रवेशलाई सफल बनाए । त्यसपछि कतिपय मन्दिरमा अहिले गैरदलितलाई पनि पस्न दिन छाडिएको छ । त्यसको कारण भनेको दलितलाई रोक्नु हो । अधिकांश दलितले हिन्दु धर्म मान्छन् तर तिनै दलितले मन्दिर पस्न पाउँदैनन् । त्यही कारण पनि ०५९/६० तिर दलितहरु क्रिस्चियन धर्मतिर लागे । त्यसको प्रमुख कारण भनेकै आफैँले पुज्ने र आफैँले बनाएको मन्दिर पस्न नपाउनु हो । पछिल्लो समयमा दलितले गैरदलितको घरमा पस्न पाउनुपर्ने मागलाई अघि सारे, जुन जायज थियो ।

नियम छ, कार्यानवयन छैन

नेपालको अन्तरिम संविधान ०६३ ले दलितका हकमा नयाँ आयाम नै थपिदिएको छ । त्यसभन्दा अघिसम्मका कानुनले दलितलाई कानुनी रूपमा सार्वजनिक स्थलमा प्रवेशमा रोक्न नमिल्ने बताए पनि निजी स्थल अर्थात् व्यक्तिको घरमा प्रवेश रोक लगाएकै थियो । तर, ०६३ को अन्तरिम संविधानले त्यसलाई अस्वीकार गरिदियो । ०६८ जेठ १८ मा राष्ट्रपतिले प्रमाणीकरण गरेको जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन जारी गरेर निजी स्थानमा समेत छुवाछुत गर्न नपाउने र गरेमा कसुर गर्ने व्यक्तिलाई एक महिनादेखि एक वर्षसम्म कैद वा पाँच सयदेखि १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्ने व्यवस्था गर्‍यो । त्यसको अर्थ अब दलितले दलित भएकै कारण गैरदलितको घरमा पस्न कसैले रोक्न पाउँदैन भन्ने हो । तर, कानुन बनेको दुई वर्ष नाघिसक्दा पनि त्यो कानुन लाटाको धोती नै बनेको छ । अहिलेसम्म कसैले पनि निजी घरमा प्रवेश गर्न दिइएन भनेर दलितले आन्दोलन गर्न सकेका छैनन् । अर्को कुरा कानुनले जातकै आधारमा कसैको घरमा प्रवेश गर्न रोक्दैन भन्ने कुराको सन्देश स्वयं दलित आन्दोलनले प्रवाह गर्न सकेको छैन ।

निजी घर उसैको स्वामित्वमा हुन सक्छ । त्यसमा उसको अधिकार हुन सक्छ । त्यसमा कुनै विवाद छैन तर त्यो घरमा दलित आउँदा बाहिर बसेर खाना खुवाउनु, दलित भएकै आधारमा घरभित्र पस्न नदिनु चाहिँ गलत हो । एकाथरीले घरभित्र पस्दैमा को ठूलो हुन्छ र ? भन्ने गरेका छन् । त्यो पनि गलत होइन तर दलितले गैरदलितको घरभित्र पस्नै पाउनुपर्छ वा पर्दैन भन्नु भन्दा पनि दलितलाई जातकै आधारमा किन घरभित्र जान दिइँदैन भन्ने प्रश्न प्रमुख हो । त्यसकारण सवाल घरभित्र पस्नु मात्रै होइन, अरूले जातकै कारण जति अधिकार पाउन सक्छन्, त्यति नै दलितले पनि पाउनुपर्छ भन्ने हो । अहिलेसम्म दलितलाई दलित भएकै आधारमा घरभित्र पस्न नदिने चलनको अन्त्य हुनुपर्छ भन्ने हो ।

# इलामको गार्हस्थ्य उत्पादन २२ अर्ब

इलाम । इलामको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) २२ अर्ब रूपैयाँभन्दा बढी पुगेको छ । जिल्लाको प्रोफाइल निर्माणका लागि गरिएको सर्वेक्षणअनुसार इलामको कुल गार्हस्थ्य उत्पादन २२ अर्ब ९ करोड ४४ लाख ६३ हजार ९ सय ८६ रूपैयाँबराबर पुगेको छ ।

वस्तु तथा सेवाको कच्चा उत्पादन र उत्पादन विधिका आधारमा मौद्रिक मूल्यमा मापन गरी तथ्यांक निकालिएको सर्वेक्षणमा संलग्न विष्णु काफ्लेले बताए । जिल्ला विकास समितिको कार्यालय इलामले आवधिक जिल्ला विकास योजना बनाउन जिल्लाको आर्थिक स्थितिको विश्लेषण गरेको हो ।

उत्पादनमा सबैभन्दा धेरै योगदान कृषि तथा वन क्षेत्रको छ । कृषि तथा वन क्षेत्रले कुल जिडिपीको ८७ प्रतिशत क्षेत्र ओगटेको छ । कृषि तथा वन क्षेत्रबाट १८ अर्ब ९२ करोड ९२ लाख रूपैयाँबराबरको सहयोग गरेको छ । सार्वजनिक प्रशासन तथा रक्षा क्षेत्रको सहयोग ७५ करोड ५४ लाख रूपैयाँबराबरको हुने तथ्यांकमा उल्लेख छ ।

सार्वजनिक प्रशासन तथा रक्षाले ३.४२ प्रतिशत ओगटेको छ । शिक्षा, स्वास्थ्य तथा सामाजिक कार्यको ३.७० प्रतिशत हिस्सा रहेको छ । शिक्षा, स्वास्थ्य तथा सामाजिक कार्यबाट ८१ करोड ७२ लाख रूपैयाँबराबरको उत्पादन हुने गरेको छ ।

थोक तथा खुद्रा व्यापारअन्तर्गत २.८१ प्रतिशत भाग रहेको छ । ६२ करोड १२ लाख रूपैयाँबराबरको योगदान थोक तथा खुद्रा व्यापारको छ । त्यस्तै, विद्युत्, ग्यास र पानीबाट २३ करोड ९५ लाख रूपैयाँ जिडिपी सहयोग पुग्ने गरेको छ । इलाममा निर्माण व्यवसायबाट १९ करोड १ लाख रूपैयाँबराबरको जिडिपी योगदान छ । यातायात, सञ्चार तथा भण्डारणको १८ करोड ३९ लाख रूपैयाँबराबरको योगदान रहेको तथ्यांक छ ।

होटल तथा रेस्टुरेन्टबाट १७ करोड ५० लाख रूपैयाँबराबरको योगदान छ । वित्तीय मध्यस्थताबाट वार्षिक १० करोड ८९ लाख रूपैयाँ मौद्रिक मूल्यबराबरको उत्पादन हुने गरेको सर्वेक्षणमा छ ।

उद्योगबाट ७ करोड ८ लाख रूपैयाँबराबरको सहयोग छ । माछापालनको २७ लाख रूपैयाँबराबरको योगदान हुने गरेको सर्वेक्षणमा सलग्न काफ्लेले बताए । जिडिपीका आधारमा इलाममा प्रतिव्यक्ति उत्पादन वार्षिक ७६ हजार १ सय २१ रूपैयाँ मूल्यबराबरको योगदान रहेको तथ्यांकले देखाएको छ ।

१३ वर्षअघि जिल्लामा यस्तो गणना गरिएको थियो । त्यो आव ०५७/५८ मा गरिएको सर्वेक्षणअनुसार ६ अर्ब ५४ करोड ५५ लाख ३५ हजार रूपैयाँबराबर उत्पादन रहेको थियो । 'जिल्लाको जिडिपी निकै बढेको देखिन्छ,' अध्ययनमा संलग्न काफ्लेले भने, 'अहिले गणना भएका कतिपय विषय त्यसवेला समावेश गरिएका थिएनन् ।' नगदेबाली उत्पादनमा वृद्धि, उच्च बजार मूल्य, नयाँ खेतीको विस्तारका कारण जिल्लाको कुल गार्हस्थ्य उत्पादन बढेको उनले जानकारी दिए ।

vjhsb

## एनपिएल हुने



नेपालमा नयाँ स्वरूपको क्रिकेट प्रतियोगिता नेपाल प्रिमियर लिग आयोजना हुने भएको छ । सोमबार पत्रकार सम्मेलनमार्फत जोहरा स्पोर्टस् म्यानेजमेन्टले अर्को महिनाबाट नयाँ स्वरूपको प्रतियोगिता सुरु गर्ने जानकारी गराएको हो । एनसेलको प्रायोजन रहेको प्रतियोगितामा नेपाल क्रिकेट संघ (क्यान)को प्राविधिक सहयोग रहने जनाइएको छ ।

कर्पोरेट हाउसहरूको स्वमित्वमा विभिन्न ६ टोलीले प्रतिस्पर्धा गर्ने प्रिमियर लिगअन्तर्गत तीन फरक फर्म्याटको प्रतियोगिता सञ्चालन हुनेछ । प्रिमियर लिगअन्तर्गत फरक-फरक समयमा दुई दिवसीय, ५० ओभरको एक दिवसीय र टी-२० फर्म्याटको प्रतियोगिताहरु आयोजना हुनेछन् ।

राष्ट्रिय टोलीका सिनियर खेलाडीहरूको कप्तानीमा रहने टोलीले प्रतियोगितामा राउन्ड रोबिन लिग प्रणालीमा प्रतिस्पर्धा गर्नेछन् ।

प्रिमियर लिग आसन्न बंगलादेश विश्वकपपश्चात् चैत अन्तिम साताबाट सुरु गर्ने जनाइएको छ । प्रिमियर लिगको सुरुवात दुई दिवसीय प्रतियोगिताबाट हुनेछ भने त्यसपछि ५० ओभरको र २० ओभर फर्म्याटको क्रिकेट हुनेछ ।

आयोजकले दुई दिवसीय प्रतियोगिता धनगढीमा ५० ओभरको वैशाखबाट, विराटनगर र राजविराज तथा त्यसपश्चात् टी-२० काठमाडौंमा आयोजना गर्ने जनाएको छ ।

प्रिमियर लिगअन्तर्गत टी-२० र ५० ओभर फर्म्याटका विजेता टोलीले दुई लाख प्राप्त गर्नेछन् भने उपविजेता टोलीले एक लाख प्राप्त गर्ने आयोजकले जनाएको छ । यस्तै दुई दिवसीयको उपाधि विजेता टोलीले एक लाख ५० हजार तथा उपविजेता टोलीले ७५ हजार प्राप्त गर्ने जनाइएको छ । प्रतियोगितामा सहभागी हुने ६ टोली र टोली कप्तानको नामसमेत सार्वजनिक गरिएको छ । पञ्चकन्या समूहको तेज टोलीलाई शरद भेसवाकरले कप्तानी गर्नेछन् । यस्तै नेपाल टेलिकमको कलर्स एक्स फ्याक्टरलाई राष्ट्रिय टोलीका उपकप्तान ज्ञानेन्द्र मल्ल तथा विशाल समूहको विशाल ग्रुप्स वारियर्सको कप्तानी राष्ट्रिय टोलीका कप्तान पारस खड्काले गर्नेछन् । यस्तै कान्तिपुर पब्लिकेसनको टोलीलाई वसन्त रेग्मी, शंकर समूहको जगदम्बा जायन्ट्सलाई शक्ति गौचन तथा घोराही सिमेन्टको टोली सगरमाथा लिजेन्ड्सलाई विनोद भण्डारीले नेतृत्व गर्नेछन् । टोलीमा दुई विदेशीसहित १६-१६ खेलाडी राख्न पाउने जनाइएको छ ।

आयोजकले यी टोलीमाथि कर्पोरेट हाउसहरूको स्वामित्व दुई वर्षसम्मका लागि कायम रहने र प्रतियोगिता आयोजनाका लागि क्यानसँग तीन वर्षको सम्झौता भएको जनाएको छ । आयोजकले प्रतियोगितामा सहभागी हुने खेलाडीहरूको तलबसमेत तोकेको छ । जसअनुसार कप्तानले प्रतिखेल पाँच हजार रुपैयाँ प्राप्त गर्नेछन् भने राष्ट्रिय टोलीबाट खेलेका खेलाडीहरूले प्रतिखेल २५ सय प्राप्त गर्ने आयोजकले जनाएको छ ।

यस्तै यू-१९ राष्ट्रिय टोलीका खेलाडी तथा क्षेत्रीय खेलाडीहरूले प्रतिखेल एक-एक हजार प्राप्त गर्ने जनाइएको छ । पत्रकार सम्मेलनमा राष्ट्रिय टोलीका कप्तान पारस खड्का तथा प्रशिक्षक पुबुदु दासानायकेले प्रतियोगितालाई महत्वपूर्ण सुरुवात भएको बताए । कप्तान पारसले ढिलै भए पनि महत्वपूर्ण प्रतियोगिता सुरु भएको प्रतिक्रिया दिए । 'यो प्रतियोगिता निकैअघि सुरु हुनुपर्थ्यो, तर ढिलै भए पनि महत्वपूर्ण सुरुवात भएको छ,' उनले भने ।

यस्तै प्रशिक्षक पुबुदुले प्रतियोगिता सही समयमा आएको प्रतिक्रिया दिए । 'घरेलु प्रतियोगिता बलियो भए मात्रै राष्ट्रिय टोली राम्रो हुन्छ, त्यसैले यसलाई सकारात्मक कदम मानेको छु,' उनले भने । प्रतियोगिताले स्थानीय खेलाडीहरूलाई आफ्नो कौशल देखाउने अवसर मिलेको उनले बताए ।

## बार्सिलोनाले जरिवाना तिर्‍यो

म्याड्रिड/ स्पेनिस क्लब बार्सिलोनाले ब्राजिलियन स्ट्राइकर नेमारलाई भित्र्याउँदा कर छली गरेको आरोपमा थप जरिवाना तिरेको छ ।

बार्सिलोनालाई स्पेनको एक अदालतले यसै साता सोही कारण एक करोड ३६ हजार रूपैयाँबराबरको जरिवाना तिराएको हो । अदालतले बार्सिलोनाले नेमारलाई अनुबन्ध गर्दाको वास्तविकभन्दा कम रकम सार्वजनिक गरेर कर छली गरेको आरोप लगाएको छ । यसै सम्बन्धमा क्लब पदाधिकारीबीचै विवाद चर्किएपछि बार्सिलोनाका अध्यक्ष सान्द्रो रसेलले पदबाट राजीनामा दिएका छन् । अध्यक्ष सान्द्रो रसेलले ढाँटेको भन्दै सदस्य जोर्दी केसेसले उजुरी दिएपछि यस सम्बन्धमा पनि अनुसन्धान भइरहेको जनाइएको छ । यसअघि बार्सिलोनाले नेमारलाई पाँच करोड ५७ लाखमा अनुबन्ध गरेको जनाएको थियो । सदस्यहरूले भने नेमारलाई बार्सिलोनामा ल्याउन सम्पूर्ण खर्चसहित नौ करोड लागेको दाबी गरेका छन् । स्पेनिस मिडियाहरूले कार्यबाहकअध्यक्ष चलाइरहेका उपाध्यक्ष जोसेप बार्तोम्युले यस सम्बन्धमा सार्वजनिक गर्ने जनाएका छन् । आर्थिक हिनामिनामा दोषी पाइए अध्यक्ष सान्द्रोमाथि थप कारबाही हुन सक्नेछ ।

## /Elg va/



## म्युजिक भिडियोमा करिश्माकी छोरी

पुरानी अभिनेत्री करिश्मा मानन्धरकी छोरी कविता पहिलोपटक म्युजिक भिडियोमा देखिएकी छिन् । गायक सरोज दत्तको 'मैगो जाऊ टाढा' बोलको गीतमा उनले पहिलोचोटि अभिनय गरेकी हुन् । म्युजिक भिडियोमा उनलाई मोडल साकार थापाले साथ दिएका छन् ।

'सपनाहरु' नामक एल्बममा संग्रहित सो गीतमा सुगम पोखरेलले संगीत भरेका हुन् । म्युजिक भिडियोमा साकार र कविताका केही रोमान्टिक सिन छन् भने बाँकी रोनाधोनाले भरिएको छ । सुन्दरतामा आमा करिश्मा मानन्धरको हाराहारी नभए पनि कविताको मुस्कान निकै युनिक लाग्छ । कविता अध्ययनको सिलसिलामा हाल अमेरिकामा छिन् ।

## चलचित्र पत्रकार संघको अधिवेशन चैतमा

चलचित्र पत्रकार संघको छैटौं अधिवेशन आगामी चैत ६ गते राजधानीमा हुने भएको छ । मंगलबार बसेको संघ कार्यसमितिको बैठकले सो निर्णय गरेको हो ।

संघले यस वर्षको चलचित्र पत्रकारिता सम्मान २०७० चलचित्र पत्रकार अनन्त वाग्लेलाई प्रदान गर्ने निर्णयसमेत गरेको छ । निर्णयअनुसार चलचित्र पत्रकारिता पुरस्कार अशोकप्यासी राई र जयन सुब्बा मानन्धरलाई प्रदान गरिनेछ । पुरस्कार तथा सम्मानको घोषणा भने जेठ ७ गते चलचित्र पत्रकार दिवसको अवसर पारेर गरिएको थियो । पुरस्कारको राशि जनही १५ हजार रुपैयाँ रहेको छ ।

## पाँचौं राष्ट्रिय बालनाटक महोत्सव

निजी क्षेत्रमा नेपाली नाटक फेरि जुर्मुराएजस्तो देखिन्छ । निजी क्षेत्रले जस्तै राज्यले पनि सक्रियता देखाए नाट्य क्षेत्रको विकास कति सहज हुँदो हो ? यसबारे संस्कृतिविद्




सत्यमोहन जोशीले सोमबार भनें, 'काम गर्नुपर्ने दायित्व बोकेका राष्ट्रिय नाचघर र प्रज्ञा प्रतिष्ठान सुतिरहेका छन् । तर, ती संस्था हलभाडा उठाउने संस्थामात्रै बनेका छन् । नाटक गर्न चाहनेले त्यहाँ महँगो शुल्ककै कारण प्रवेश गर्न नसक्ने स्थिति छ ।'

सन्दर्भ हो- राष्ट्रिय बालनाटक महोत्सवको । सोमबारबाट रूसी सांस्कृतिक केन्द्र, कमलपोखरीमा सुरु भएको महोत्सवको पाँचौं संस्करण उद्घाटन गरिसकेपछि जोशीले यस्तो तीतो पोखेका हुन् । केन्द्रको सहयोगमा शैली थिएटरले आयोजना गरेको महोत्सव उद्घाटनपछि मन्तव्य राख्दै उनले नाटक संगीत र गणितजस्तै विश्वभाषा भएको बताएका थिए । त्यस क्रममा उनले नाटक निर्माण र मञ्चनले बालबालिकाको सांस्कृतिक तथा बौद्धिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने दाबी गरेका थिए ।

महोत्सवको पहिलो दिन शैली थिएटरको प्रस्तुति रहेको नाटक 'सुनौलो माछा' मञ्चन गरियो । रूसी कवि पुस्किनको कवितामाथि नाटक निर्माण गरिएको हो । नाटकलाई बलराम अर्यालले नेपालीमा अनुवाद गरेका हुन् । त्यसलाई नाट्य रूपान्तरण नाटकका निर्देशक नवराज बुढाथोकीले गरेका हुन् । मञ्जु देवकोटा र अभय बरालको मूख्य भूमिका रहेको नाटकमा आलिया खतिवडा, शशांक बोहरा, नारायण न्यौपाने र नरेन्द्र धामीले अभिनय गरेका थिए । महोत्सव १८ गतेसम्म चल्नेछ । महोत्सवको दोस्रो दिन मंगलबार ब्लुमिङ बड्स इन्टरनेसनलको प्रस्तुति 'मादलको खरी' नाटक मञ्चन हुँदै छ ।

## अपिलको 'ऋतु' आउँदै

दासढुंगा दुर्घटनाको विषयमा 'दासढुंगा' फिल्म निर्माण गरेका अपिल विष्ट तीन वर्षपछि दर्शकमाझ 'ऋतु' लिएर आउँदै छन् । फागुन २३ देखि देश-विदेशका सिनेमा हलमा एकसाथ प्रदर्शन हुन लागेको 'ऋतु' दासढुंगाजस्तो सत्य घटनामा नभई भावनात्मक प्रेमकथामा निर्माण गरिएको छ ।

अस्ट्रेलियाको एक कलेजमा पढ्ने पाँचजना फरक-फरक देशका विद्यार्थी साथीबीचको भावनात्मक सम्बन्धको कथामा निर्माण गरिएको फिल्मका अधिकांश दृश्य अस्ट्रेलियाका विभिन्न स्थान र केही दृश्य काठमाडौंमा खिचिएका छन् ।



मनोज अधिकारी निर्देशित फिल्म सार्वजनिक प्रदर्शनको अघिल्लो दिन अर्थात् ६ मार्चमा वाइएफसी क्लब, सिड्नीले सिड्नीमा गोल्ड क्लास प्रिमियर गर्न लागेको निर्माता अपिलले जानकारी दिएका छन् ।

'ऋतु अनलाइन स्क्रिप्ट राइटिङ कम्पिटिसनद्वारा छानिएको दोस्रो स्क्रिप्टमा निर्माण गरिएको फिल्म हो । सन्दीप बडालले लेखेको स्क्रिप्ट निकै राम्रो लागेकाले फिल्म बनाएको अपिलले बताए । 'फर्स्ट भएको स्क्रिप्ट निकै महँगो भएकाले सेकेन्ड भएको स्क्रिप्टमा फिल्म बनाएका हौं,' निर्माता अपिलले भने, 'स्क्रिप्टअनुसारकै फिल्म बनेको छ । त्यसैले ढुक्क छौं ।' अपिलले केही समयअघि अनलाइनमार्फत स्क्रिप्ट राइटिङ कम्पिटिसन गरेका थिए । जसमा दुई दर्जन स्क्रिप्टले प्रतिस्पर्धा गरेका थिए ।

अपिल विष्ट प्रोडक्सनको ब्यानरमा अशोक गौतम र सुरज प्रधान निर्माता रहेको फिल्ममा राजवल्लभ कोइराला, पूर्वमिस नेपाल मनिला जोशी, रिमा विश्वकर्मा, विष्णु न्यौपाने, कमल सिलवाल, गुलसन लामिघातेका साथमा एनआरएन प्रवक्ता मन खत्रीले समेत अभिनय गरेका छन् । हेमन्त रानाले संगीत दिएको फिल्म सुसन प्रजापतिले खिचेका हुन् । निर्माता अपिलका अनुसार ऋतु नेपालसँगै अमेरिका, अस्ट्रेलिया, लन्डन, पोर्चुगललगायत देशमा एकसाथ प्रदर्शन हुनेछ । चाइना, जापान, स्पेन र बेल्जियममा भने अप्रिलमा प्रदर्शन हुनेछ । करिब एक करोडको लगानीमा निर्माण भएको फिल्म रिलिजपछि निर्माता अपिल 'प्रताप' नामक हाइबजेट फिल्म निर्माणमा जुट्ने भएका छन् । सो फिल्म आफैँले निर्देशन गर्न लागेको अपिलले बताए ।

## 'स्वर्गद्वारी महाप्रभु'को तयारीमा ऋषिराज

आध्यात्मिक गुरु स्वर्गद्वारी महाप्रभुको जन्मदेखि समाधिसम्मलाई निर्देशक ऋषिराज आचार्यले फिल्मको पर्दामा उतार्ने भएका छन् । 'स्वर्गद्वारी महाप्रभु' नाममा बन्ने फिल्मको हालै घोषणा गरिएको हो । फिल्मको निर्मातामा गणेश बेलबासे छन् ।

अन्तर्राष्ट्रियस्तरमा प्रदर्शन गर्ने लक्ष्यका साथ निर्माण सुरु गरिएको फिल्मका अधिकांश दृश्यको छायांकन प्युठानको स्वर्गद्वारी, दाङलगायत स्थानमा गरिने बताइएको छ । 'सय वर्षभन्दा अघिको जीवनकथा भएकाले सम्बन्धित ठाउँमै पुगेर सुटिङ गर्छौं,' निर्देशक आचार्यले भने, 'इतिहासका पात्रसँग मिल्ने मुहार चाहिने भएकाले त्यसका लागि अडिसन गरेर कलाकार छान्ने कार्य अघि बढाएका छौं ।' फिल्मको पटकथा, संवाद निर्देशक ऋषिराज स्वयंकै छ भने अन्य प्राविधिकको छनोट कार्य पनि भइरहेको छ ।

'आफन्त', 'सञ्जीवनी', 'भ्फड्का'लगायत टेलिफिल्म तथा 'मिस्टेक' नामक फिचर फिल्म निर्देशन गरिसकेका ऋषिराज वैशाखमा मिस्टेकको प्रदर्शनसँगै 'स्वर्गद्वारी महाप्रभु'को सुटिङ सुरु गर्ने बताउँछन् ।



## skf/6



## ग्लोबल आइएमईमा कमर्ज गाभिने

ग्लोबल आइएमई बैंक र कमर्ज एन्ड ट्रस्ट बैंक नेपाल गाभिनेसम्बन्धी अन्तिम सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतामा ग्लोबल आइएमई बैंक अध्यक्ष चन्द्रप्रसाद ढकाल र कमर्ज एन्ड ट्रस्ट बैंक नेपालका अध्यक्ष शोभाकर न्यौपानेले हस्ताक्षर गरेका थिए ।

दुवै बैंक गाभ्ने/गाभिने कार्य ०७० चैतभित्रै सम्पन्न गर्ने लक्ष्यसहित मर्ज प्रस्ताव पारित गर्न दुवै बैंकको साधारणसभा बोलाइसकिएको छ । मर्जपछि ग्लोबल आइएमई बैंकको नामबाटै कारोबार सञ्चालन हुनेछ ।

दुवै संस्था एकआपसमा गाभिएपछि बैंकको कुल चुक्ता पुंजी ४ अर्ब १० करोड, कुल निक्षेप ४८ अर्ब, कर्जा लगानी ४० अर्ब, ८७ शाखा कार्यालय, २० शाखारहित बैंकिङ सेवा र ८१ एटिएम सञ्जाल रहनेछन् । मर्जपछि बैंकको ग्राहक संख्या करिब ५ लाख पुग्नेछ ।

## नेपाल बैंकको व्यवस्थापन सम्मेलन

नेपाल बैंक लिमिटेडमा सेवाको गुणस्तर, उत्पादकत्व तथा दिगो मुनाफा वृद्धि गर्न व्यावसायिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले राजधानीमा आयोजित दुईदिने व्यवस्थापन सम्मेलन शनिबार सम्पन्न भएको छ । व्यवस्थापन सम्मेलनमा बैंक व्यवस्थापन समिति, व्यवस्थापन समूह, उच्च व्यवस्थापक, बैंकका १ सय १९ शाखा प्रबन्धक र कर्मचारी युनियनका प्रतिनिधिको सहभागिता रहेको थियो ।

बैंक व्यवस्थापन समितिका संयोजक, प्राडा देवराज अधिकारीले व्यवस्थापन सम्मेलनबाट प्राप्त उपलब्धिले बैंकको रणनीतिक लक्ष हासिल गर्न सहयोग पुग्ने बताए । उनले बैंकले कर्जा सापटी दिनुपर्दा अधिकतम रोजगारी सिर्जना गर्ने परियोजनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । बैंक व्यवस्थापन समूहका संयोजक महेश्वरलाल श्रेष्ठले बैंकको चुक्ता पुंजी ३८ करोडबाट वृद्धि गरी ३ अर्ब ९७ करोड पुऱ्याउन सफल भएको, हकप्रद सेयर लिलाम बढाबढबाट सेयर बिक्री गर्दा सेयर प्रिमियमबापत ९ करोड संकलन भएको जानकारी दिए ।

## जनता बैंक र तीन विश्वविद्यालयबीच समझदारी

जनता बैंक नेपाल लिमिटेड र देशका प्रमुख तीन विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय तथा पोखरा विश्वविद्यालयबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ । तीनै विश्वविद्यालयबाट व्यवस्थापन संकायतर्फका मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसनमा सर्वोत्कृष्ट अंक प्राप्त गरी प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीमध्ये बैंकको सेवामा प्रवेश गर्न इच्छुक कम्तीमा एक-एकजनालाई व्यवस्थापन प्रशिक्षार्थीको रूपमा प्रवेश दिनेसम्बन्धी समझदारीपत्रमा सोमबार हस्ताक्षर भएको छ ।

सो समझदारीपत्रमा पोखरा विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा. खगेन्द्रप्रसाद भट्टराई, त्रिभुवन विश्वविद्यालयको तर्फबाट व्यवस्थापन संकायका डिन प्राडा देवराज अधिकारी, काठमाडौं विश्वविद्यालयका तर्फबाट विश्वविद्यालय स्कुल अफ म्यानेजमेन्टका डिन प्रा. सुवास केसी र जनता बैंक नेपाल लिमिटेडका तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत डा. रमेशकुमार भट्टराईले हस्ताक्षर गरको बैंकको विज्ञप्तिमा उल्लेख छ ।

## गौशालामा एनआइबिएलको एटिएम

नेपाल इन्भेस्टमेन्ट बैंकले २८औं वार्षिकोत्सव तथा महाशिवरात्रि अवसरमा पशुपति क्षेत्र विकास कोषअन्तर्गतको गौशाला क्षेत्रमा एटिएम सेवा सुरु गरेको छ । गौशालासहित बैंकका एटिएम सञ्जाल ७७ पुगेका छन् । एटिएम सेवा उद्घाटन पशुपति क्षेत्र विकास कोषका सदस्यसचिव डा. गोविन्द टन्डनले गरेका थिए । कार्यक्रममा बैंक अध्यक्ष पृथ्वीबहादुर पाण्डे तथा प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डे सहभागी थिए । बैंकका हाल मुलुकभर ४४ शाखा सञ्जाल छन् ।

## लक्ष्मी बैंकको हरित कर्जा

लक्ष्मी बैंकले हरियाली तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन अभियानअन्तर्गत हरित कर्जा योजना सुरु गरेको छ । योजनाअन्तर्गत बैंकले ग्राहकलाई निश्चित सर्त तथा अवस्थाअनुसार वार्षिक ५.९९ प्रतिशत ब्याजदरमा नविकरणीय सौर्य ऊर्जा सेवा प्रदान गर्नेछ ।

बैंकले हालको ऊर्जासंकट घटाउने प्रयासमा योगदान दिन कर्जा योजना सुरु गरिएको जानकारी दिएको छ ।

## प्रुडेन्सियलको ८५ प्रतिशत बोनस सेयर

प्रुडेन्सियल इन्सुरेन्स कम्पनीले सेयरधनीलाई आव ०६९/७० को खुद नाफाबाट ८५ प्रतिशत बोनस सेयर दिने प्रस्ताव पारित गरेको छ ।

कम्पनीको ११ फागुनमा बसेको सञ्चालक समितिको १२६औं बैठकले आगामी वार्षिक साधारणसभाबाट अनुमोदन हुने गरी बोनस सेयर वितरण प्रस्ताव पारित गरेको हो । बोनस सेयर सम्बन्धित नियामक निकायको स्वीकृतिपछि वितरण गरिने कम्पनीले जनाएको छ ।

## बन्दूक बोक्ने...

बन्दूक बोक्ने उद्घोष गर्दै अहिलेको संविधानसभामा प्रतिक्रान्तिकारी र पश्चगमनकारीको बाहुल्यता रहेकाले उनीहरूले जनविरोधी पश्चगमनमा धकेल्ने अर्थात् जनताले शक्तिबाट खारेज गरेको २०४७ सालको जस्तो संविधान बनाउने हुँदा अग्रगामी र जनताको संविधान बनाउन जनताले बन्दूक बोक्नु बाहेकको विकल्प नरहेको बताएका छन् । सोही अवसरमा महासचिव थापाले भने नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चाले आउँदो सहिद सप्ताहमा जनताको सरकार गठन र संविधान निर्माणका लागि बहिष्कार, वार्ता र सडकको माध्यमबाट निर्णायक आन्दोलन गर्ने बताउँदै सरकार र दलहरू जसरी उत्रिन्छन्, जनताले पनि त्यही रूपमा प्रतिरक्षा गर्दै आन्दोलनलाई निष्कर्षमा पुऱ्याउने उद्घोष गरेका छन् ।

शान्तिपूर्ण प्रचारात्मक बन्दहड्ताल बाहिष्कारको आन्दोलनलाई अघि बढाई जनताको संविधान निर्माणको लक्ष्य प्राप्त गर्ने बताउँदै उनले वर्तमान संविधानसभा विघटन गरेर सर्वपक्षीय राजनीतिक सभाबाट संविधन बनाए मात्र जनताको बास्तविक संविधान बन्ने र मुलुकले शान्ति र स्थायित्व पाउने दाबी समेत गरेका छन् । जनविरोधीहरूबाट जनताको अधिकार सम्पन्न संविधान निर्माण नहुने भएकाले सबै दल क्षेत्र, वर्ग, लिङ्गको प्रतिनिधित्व हुने गरी सर्वपक्षीय राजनीतिकसभाबाट अग्रगामी संविधान निर्माण हुनुपर्दछ भन्दै अहिलेको संविधानसभालाई आफ्नो पार्टीले कुनै हालतमा पनि स्वीकार गर्न नसक्ने उद्घोष गर्दै जनताको संविधान बन्नका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको मोर्चाबन्दीका लागि ध्रुविकरण आवश्यक रहेको बताएका छन् । संशोधनवादी, नवसंशोधनवादी र क्रान्तिकारीबीचको ध्रुवीकरण आवश्यक भएको छ । त्यो नभएसम्म जनताको पक्षमा संविधान निर्माण हुन नसक्ने ठोकुवा गर्दै आफ्नो पार्टीको महाधिवशनमा आफू पार्टी अध्यक्षको उम्मेदवार बन्ने सक्ने भएको हुनाले कार्यकर्ताहरूको भावना बुझ्न मुलुकभरकै भ्रमण गर्ने जानकारी समेत दिएका थिए ।

एमाओवादी विभाजित भएर गठन भएको नेकपा-माओवादीले संविधानसभाको चुनाव बहिष्कार गरेको र उसले सर्वदलीय राजनीतिक सभा गरी त्यहीँबाट सर्वपक्षीय सरकार निर्माण गरी संविधान निर्माण गर्नुपर्ने बताएपनि अन्य दलहरूले उसले उठाएका मागहरूलाई खासै वास्ता नगरेपछि नेकपा-माओवादी अहिले आफ्नै पार्टीभित्र समेत अब के गर्ने भन्नेमा अन्योलमा परेको छ ।

## वामदेवका कारण...

निर्माण गर्ने पक्षमा देखिएको छ । हुन पनि तत्कालै चुनाव हुने हो भने एमाओवादी भित्तामै पुग्ने खतरा छ । आफ्नो गुमेको राजनीतिक हैसियत आर्जन गर्न एमाओवादी कमजोरी सुधार गर्दै संगठन बलियो पार्ने समय खोजिरहेको छ । समय पाएमा फुटेर गएको नेकपा-माओवादीसँग पनि एकीकरण हुनसक्छ । त्यसो भएमा एमाओवादी प्रमुख राजनीतिक शक्तिका रूपमा उदाउन सक्छ । त्यसैले वामदेवको गृह नेतृत्वमा एमाओवादीले स्थानीय चुनाव रोक्ने निर्णयमा पुगेको देखिन्छ ।

## वामदेव एमाले...

यही नीतिलाई कामयाव पार्न एमालेले मोर्चा थालिसकेको छ । अर्थात् एमालेलाई सर्वशक्तिमान पार्न वामदेव-एमालेको कामदेवका रूपमा अवतरित भएको देखिन्छ । वामदेव एयरपोर्टमा सुन तस्कर, अपराधी, माफिया र प्रहरी नियुक्ति, सरूवा, बढुवामा पनि बदनाम छन् । जबर्जस्ती जे पनि गर्न तयार हुने वामदेवको मनपरी ०५४ सालमा झैँ यसपटक पनि चल्ला र ?

## एमालेभित्र...

प्रत्यक्ष प्रभाव देखिएको छ । एमाले स्रोतका अनुसार माधव नेपाल पक्षधर भने कोही परेका छैनन् । अध्यक्ष खनाल संसदीय दलका नेता केपी ओली र उपाध्यक्ष वामदेव गौतमनिकट तीन/तीन जनालाई मन्त्री बनाइएको छ । आचार्य, पौडेल र पण्डित खनाल नजिकका मान्छिन् । पौडेल खनाल प्रधानमन्त्री भएका बेला उनका राजनीतिक सल्लाहकार बनेका थिए । आचार्य भने खनालका ज्वाइँ हुन् र उनी यसअघि दलको प्रमुख सचेतक रहेका थिए भने पण्डित संविधानसभाको अल्पसंख्यक समितिको सभापति थिए । पाण्डे, अधिकारी र थापा संसदीय दलका नेता केपी ओली पक्षधर मानिन्छन् । परराष्ट्रमन्त्री बनेका पाण्डे केही समयअघि मात्र नेपाल खेमाबाट ओली खेमामा आएका थिए । पाण्डे आउँदो एमालेको नवौँ महाधिवेशनबाट ओलीलाई अध्यक्ष बनाउने भन्दै सक्रिय भएका थिए । ज्ञवाली, पराजुली र राना भने उपाध्यक्ष गौतम निकट मानिन्छन् । ज्ञवाली भने संसदीय दलको चुनावमा ओली-गौतम समीकरणको पक्षमा खुलेरै लागेकी थिइन् । यसरी नेकपा एमालेभित्र तीन नेता मिलेर वरिष्ठ नेता नेपाललाई अलग्याइएको हुनाले आउँदो पार्टी महाधिवेशनमासमेत ओली गौतमको समीकरणले चुनाव जित्ने प्रायःनिश्चित भएको छ ।

एमालेभित्र जस्तै नेपाली काँग्रेसभित्र पनि असन्तोष जन्मिएको छ । काँग्रेसभित्रै संस्थापन मानिएका कोइराला पक्षधर महिला, दलित मधेसको प्रतिनिधित्व हुन नसकेको भन्दै केही केन्द्रीय सदस्यहरूले असन्तोष व्यक्त गरिरहेको हुनाले त्यसलाई मिलाउन प्रधानमन्त्री सुशील कोइरालाले केहीलाई राज्यमन्त्री बनाएर समीकरण मिलाउने आश्वासन दिएको एक नेताले बताएका छन् ।

## संवैधानिक...

संसदीय सुनुवाई हुनुपर्ने व्यवस्था भएपनि बाधा अड्काउ फुकाउ आदेश अनुसार बाधा अड्काउ फुकाउ गरी राष्ट्रपतिको आदेश अनुसार विभिन्न संवैधानिक निकायमा नियुक्त गरिएको थियो । बाधा अड्काउ फुकाउ आदेश अनुसार नियुक्त भएका व्यक्तिहरूका बारेमा त्यसलाई संसदको प्रक्रियामा लाने कि नलागने भन्ने विषयमा राष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबीच पनि एक मत हुन नसकेको सिंहदरबार सुत्रले बताएको छ । राष्ट्रपति कार्यालय संसदीय सुनुवाईको पक्षमा रहेको भएपनि सरकार भने त्यसरी सुनुवाई अगाडि बढाउने पक्षमा नरहेको एक सुत्रले दाबी गरेको छ । सरकारले हालै संसदमा त्यसरी नियुक्ती भएकाहरूको जानकारी संसदलाइ दिएपनि संसदीय प्रक्रियामा लैजाने नलैजाने भन्ने विषयमा सरकारनै अलमलमा परेको छ ।

बाधा अड्काउ फुकाउ अनुसार २०६९ चैत ११ मा प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेती, आयुक्तहरू दोलखबहादुर गुरूङ, अयोधीप्रसाद यादव, रामभक्त पिबी ठाकुर र इला शर्मा नियुक्त भएका थिए भने २०७० वैशाख २५ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा लोकमानसिंह कार्की, महालेखा परीक्षकमा भानुप्रसाद आचार्य र लोकसेवा आयोगको अध्यक्षमा कयोदेवी यमी नियुक्त भएका थिए । बाधा अड्काउ फुकाउ आदेश अनुसार भएका नियुक्तीका विषयमा संसद नियमावलीमा स्पष्ट व्यवस्था नभएको हुनाले अब व्यवस्था गरेर सुनुवाई गर्दा त्यो कानुन अनुसार नहुने र बाधा अड्काउ फुकाउ आदेश अनुसार भएका सबै अध्यादेशहरू सबै संसदको बैठक बसेको एक महिनाभित्रमा संसदबाट पारित गरिसक्नु पर्ने व्यवस्था भएपनि अब संसदले के गर्ने भन्ने विषयमा निर्णय गर्न सक्ने अवस्था देखिन्छ ।

संसदमा पेश भइसकेपनि त्यसलाई पारित भएको मानिँदैन, संसदमा पेश भएर छलफलबीच पारित हुने अवस्था समेत अहिले देखिँदैन । २०६९ चेत १ गते भएको बाधा अड्काउ फुकाउ आदेश भने संसदबाट पारित भइसकेको हुनाले अब अन्य आदेशहरू पारित हुनु पर्ने कि नपर्ने भन्नेमै विवाद रहेको छ । सामान्य अवस्थामा सुनुवाईको व्यवस्था भएपनि त्यसबेला सामान्य अवस्था नरहेकाले निमायवली अनुसार नै निकास दिनुपर्ने कानुनविदहरूले बताएका छन् ।

## भोज खुवाएर...

नेपालमा विरलै सुनिएको छ, तर १७ वर्षीय विधान मगरले भेटेसम्म साथीभाइ र आफन्तलाई भोज खुवाएर आत्महत्या गरे, आखिर किन ?

उनले भोजमा उपस्थित सबैलाई आफ्नो मलामी आइदिन आग्रह गर्दै कोही मलामी हुनबाट नछुटुन पनि भनेका थिए । उनले आफू मरेपछि कन्काई नदीमा लगेर दाहसंस्कार गरिदिनु समेत भनेका हुनाले उनको आग्रह अनुसार त्यसै गरिएको परिवारका सदस्यले बताएका छन् । बिहीबार मासु किनेर भोज खुवाएर उनले शुक्रबार बिहान आत्महत्या किन गरे, त्यो रहस्यको विषय बनेको छ । उनले मलामी नगए राती आएर तर्साउने बताएपछि भोज खानेहरू सबै मलामी गएको र मर्ने अघिल्लो दिन नै उनले गाउँ र टोलका सबैलाई भोली आफू मर्ने सुनाउँदै हिँडेको अस्थायी प्रहरी चौकी गरामनीका प्रहरी सहायक निरीक्षक धनबहादुर सुनारले बताएका छन् । मगरले त्यहीँ कार्यरत एक प्रहरी जवानलाई समेत मर्ने कुरा बताएका रहेछन् । ति प्रहरीले मगरलाई मर्ने कुरा नगर्न भन्दै गाली गरेर पठाएको बताएका छन् । मगरले ति प्रहरीलाई आज भोज खाऔं मस्ती गरौँ भन्दा प्रहरीले किन आज के छ भोज खाने भन्दा उनले भोली आफू मर्ने भएको हुनाले आजै भोज खाऔँ भनेका थिए । तर भोली पल्ट त साच्चिकै उनले आत्महत्या गरेको खबर आयो ति प्रहरी जवानले भने ।

मगरले उर्दी गरेका कारण साथीभाइ मलामी गएको र उनको अन्तिम दाहासंस्कार स्थानीय देउनीया घाटमा गर्ने तयारी गरिएको भएपनि माईमा नै लगेर दाहासंस्कार गरी दिनु भनेको हुनाले मृतकको सूचनालाई स्वीकार गर्दै कन्काई माइमै उनको अन्तिम संस्कार गरिएको झापाबाट हाम्रा प्रतिनिधिले बताएका छन् । मगरले आत्महत्या गर्नुको कारण भने खुलन नसकेपनि प्रहरीले अनुसन्धान भने जारी राखेको हाम्रा प्रतिनिधिले उल्लेख गरेका छन् ।

## एमाओवादीले...

संविधानसभामा एमाओवादी जिम्मेवार जस्तो देखिन्छ । यही एमाओवादी, नेकपा-माओवादीको दर्जामा उत्रिएर माथिल्लो मर्स्याङ्दी, तामाकोशीलगायतका जलविद्युत आयोजनामा लफडा गर्ने गरेको छ । एमाओवादी कुन हदसम्मको जिम्मेवार पार्टी हो ? स्पष्ट हुँदैन र ।

## सायद...

आफ्नो अन्तिम समयमा डा.सिंहले नेपालको भ्रमण गर्न लागेका हुन् । कुट्नीतिमा पहिलो विदेश भ्रमणको खास महत्व हुन्छ । तर अन्तिम विदेश भ्रमण जुन बेला प्रधानमन्त्री स्वयं आफैंमा कार्यबाहकका रूपमा परिणत हुन्छन्, त्यसको कुनै महत्व हुँदैन । त्यसो त, कांग्रेसी खेमाका परराष्ट्रविद्हरू यो भ्रमणलाई हल्का रूपमा लिन नहुने, जिकिर पनि गर्दै छन् । तिनका अनुसार पदमा रहुन्जेलसम्म त निजलाई मान्नै पर्छ । छिमेकी र महत्वपूर्ण देशको प्रधानमन्त्रीका रूपमा लिनै पर्छ भन्ने आशय तिनको छ । जे होस्, सुशील कोइरालाको पहिलो सफलता भनेको नेपाली कांग्रेसलाई गएको चुनावमा 'ठूलो पार्टी' बनाउन सक्नु त थियो नै, त्यसबाहेक अर्को सफलता लामो समयदेखि हुन नसकिरहेको भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणलाई सम्पन्न गराउनु हुनेछ । हुन पनि गिरिजाप्रसाद कोइरालाले समेत नसकेका यी 'दुई काम' सुशीलले सम्पन्न गर्न आँटे । सायद, सुशीलको सफलता पनि यत्ति नै हुने हो कि ?

## एभरेस्टको एटिएम ग्रान्डी अस्पतालमा

एभरेस्ट बैंकले उपचारका लागि अस्पताल आउने सर्वसाधारण तथा बिरामीलाई सहज बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले ग्रान्डी अन्तर्राष्ट्रिय अस्पतालपरिसरमा एटिएम सेवा सुरू गरेको छ ।

एटिएम सेवा उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत एके अहलुवालिया तथा ग्रान्डी अस्पतालका अध्यक्ष र सञ्चालकले संयुक्त रूपमा गरेका थिए । ग्रान्डीसहित बैंकका एटिएम सञ्जाल ७२ पुगेका छन् ।

बैंकका हाल मुलुकभर ५० शाखा, ५ एक्सटेन्सन काउन्टर र २० राजस्व संकलन काउन्टर सञ्चालनमा छन् । अस्पताल एभरेस्ट बैंकको कर्जा लगानीमा निर्माण भएको हो ।

## रेडियो तराईको आर्थिक सहयोग



वीरगञ्ज । महिला बालबालिका तथा समाज कल्याण संघ नेपाल, रेडियो तराईले ब्रेनट्युमर भएका अमृत मल्लिकलाई आर्थिक सहयोग गरेको छ । रेडियो तराईमा एक कार्यक्रम गरी ३० हजार एक सय २७ रूपैयाू बिरामीका बाबु हारूक मल्लिकलाई हस्तान्तरण गरिएको थियो । भारतको बैगलोरमा ब्रेनट्युमरको अप्रेशन गराई थप उपचारका लागि नेपालमै उपचार गराउन डाक्टरले सुझाव दिएपछि अमृत थप उपचारका लागि आर्थिक सहयोग खोजिरहेका छन् ।

सहयोग हस्तान्तरण कार्यक्रममा बाबु हारूकले आर्थिक सहयोग गरिदिन आग्रह गरे । उनले सहयोग रकम एस.बि.आई.बैकको खाता नं. १८०१५२४१४१३६७३ मा सहयोग गरिदिन पनि अनुरोध गरे । कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष अजय यादवले गरेका थिए । कार्यक्रममा ठाकुरराम बहुमुखी क्याम्पसका सहायक प्रमुख कुर्बान हवारी, भरत थापा, विजय चौहान, हरीन्द्र यादवलगायतको उपस्थिति थियो ।

## नेपाल-भारत व्यापार मेला सम्पन्न

पर्सा । आर्दशनगर रंगशालामा बिहिबारदेखि शुरू भएको नेपाल-भारत व्यापार मेला २०१४ सम्पन्न भएको छ । मेलामा लघु उद्यम, कृषी, अटो, सूचना प्रविधि, विद्युतीय समाग्री तयारी पोशाक, दैनिक उपभोगका वस्तुलगायतका २ सय स्टल रहेको थियो । मेलामा बालबालिकाको मनोरञ्जनका लागि बाल उद्यान, मौतका कुवाको खेल सरकस तथा विभिन्न खेलको व्यवस्था गरिएको




थियो । मेलामा भारत, भुटान, बंगलादेश पाकिस्तानमा उत्पादित वस्तुहरूको प्रर्दशनी पनि गरिएको थियो ।

मेलामा दार्जिलिङ्को चर्चित बानी ब्यान्ड, नेपालको छमछमी ग्रुप र हास्य कलाकार लाहुरे र छन्दे तथा स्थानीय कलाकारले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए । कार्यक्रममा सुगम पोखरेल, निमा रूम्बा, , आस्था बी, हास्य कलाकार दिपकराज गिरी, जीतु नेपाल तथा छमछमी ग्रुपले कार्यक्रम प्रस्तुत गरेको थियो ।

समापन कार्यक्रमको प्रमुख अतिथिमा नेपाल उद्योग वाणिज्य महासंघका बरिष्ठ उपाध्यक्ष भास्कर राजकर्णिकार र विशिष्ठ अतिथिमा सभासद राजेन्द्र बहादुर अमात्य थिए । कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी कैलाश कुमार बजिमय, अञ्चल प्रहरी कार्यालय नारायणी वीरगञ्जका प्रहरी बरिष्ठ उपरीक्षक सर्वेन्द्र खनाल, भारतीय वाणिज्य दुतावासका एस.एम. अख्तर, मेला व्यवस्थापन समितिका संयोजक रविन्द्र वर्णवाल,नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष केशी.लामिछाने,उधोग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष प्रदिप केडिया लगायतको उपस्थिति रहेको थियो ।

*– कुशल श्रेष्ठ*

हाम्रा हरेक कदमहरु राष्ट्रिय स्वार्थबाट प्रेरित हुने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९,बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार